# वर्गदृष्टि

Bargadrishti Weekly साप्ताहिक



परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं।
www.moolbato.com



वर्ष १ अङ्क ३ | २०७३ असार २० गते सोमबार | July 04, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


# क्रान्तिकारी माओवादी सङ्घर्षमा

◆ वर्गदृष्टि संवाददाता



» अपर कर्णाली पीडीए कार्यान्वयनको सशक्त विरोध
» जिल्लास्तरीय सङघर्षमा जोड
» जवसद्वारा संयुक्त रुपमा कार्यक्रम
» मधेशी, थारु, जनजातिको आन्दोलनलाई स्वतन्त्र बनाउन पहल
» वर्गीय आन्दोलनको आधार निर्माण
» साझा मुद्दामा कार्यगत एकता

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)ले असार पहिलो साता काठमाडौंमा सम्पन्न राष्ट्रिय भेलालगत्तै केन्द्रीय समितिको पहिलो बैठक बसी आगामी सङ्घर्षका कार्यक्रमका बारेमा केही महत्वपूर्ण निर्णयहरु लिइएको स्रोतले बताएको छ । सङ्घर्षका कार्यक्रमहरुमा उपल्लो कर्णाली पीडीएको कार्यान्वयनको सशक्त विरोध, जिल्लास्तरीय सिर्जनात्मक संघर्षमा जोड, जवसका संयुक्त कार्यक्रमा जोड र साझा मुद्दामा राजनीतिक दलहरुसँग कार्यगत एकता गरी अघि बढ्ने कुरालाई समेटिएको छ । स्रोतका अनुसार वर्गसङ्घर्षलाई केन्द्र विन्दुमा राखेर जनसङ्घर्ष र जनवर्गका आन्दोलनहरुलाई क्रमशः वर्गमुक्ति आन्दोलनको स्वतन्त्र पहलतिर डोऱ्याउँदै लैजाने आशय रहेको देखिन्छ।

सङ्घर्षका प्राथमिकताको सूचिमा सरकारले भारतीय एक कम्पनी जीएमआरको जिम्मा लगाएको माथिल्लो कर्णालीको ऊर्जा विकास सम्झौता (पीडीए) को सशक्त विरोधलाई राखिएको छ । यसअघि स्थानीय जनताको व्यापक विरोधलाई वास्ता नै नगरी सरकारले उक्त संझौता जीएम्आरसँग गरेको थियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बन्दै गरेको, जनताको अग्राधिकार सार्वभौम संविधानसभा तथा संसदले स्वीकार गरिसकेको, अग्राधिकार सुम्पने विधायिकाको मनसाय रहेको र स्थानीय जनता आफ्ना स्रोतसम्पदा अरु कसैलाई सुम्पन तयार नरहेको र लगातार विरोधमा उत्रिएको अवस्थामा नै तात्कालीन सरकारले उक्त सम्झौता गरेको थियो।

भूगोल सर्भे, पानी बहावको मापन र बाटोहरुको संभाव्य अध्ययनमा गएका बेला जीएम्आर र नेपालकै केन्द्रीय टोलीलाई स्थानीय जनताले धेरै पटक सातो लिएर लखेटेका थिए। स्मरण रहोस्, विद्युत ड्याम निर्माणका लागि राखिएका कतिपय सङ्केत र पिलरहरु बम पड्काएर ध्वस्त पनि बनाइएका थिए। अहिले पनि जनता आफ्ना अडानमा यथावत् छन् । तर सरकारले यसको अज्ञानतापूर्वक नदेखे वा नजाने जस्तो गरिरहेको छ।

जनताका माग र चाहना एकातिर छन् । तर सरकारको पहल अर्कोतिर छ । सरकारले आफूलाई प्रजातान्त्रिक भनेर कहिल्यै थाकेको छैन । अझ त्यसमाथि वामपन्थी शक्तिहरुको सरकार ! तर आश्चर्य, यही सरकारले जीएम्आर कम्पनीकै योजना कार्यान्वयन गर्न भनेर राष्ट्रिय सेना परिचालनसमेत गरेको छ । विदेशीका स्वार्थसिद्धिका लागि नेपाली जनतामाथि सेना परिचालन गर्दा अब जनताले देखेका छन् ओली सरकारको नाङ्गो स्वाभिमान । यसै कुरालाई हृदयङ्गम गरेर क्रान्तिकारी माओवादीले त्यसका विरुद्ध कर्णाली सङ्घर्षमा जोड दिँदै देशका विभिन्न स्थानमा विरोध प्रदर्शन गर्ने कार्यक्रम सार्वजनिक गरेको छ।

देशभर सङ्गठन सुदृढीकरण र विस्तारको अभियानका क्रममा क्रान्तिकारी माओवादीले जिल्लाको विशिष्टतामा जिल्लास्तरीय सङ्घर्षका कार्यक्रमहरु बनाएर अघि बढ्न जिल्ला कमिटीहरुलाई निर्देशन गरेको बुझिएको छ । सङ्घर्षका कार्यक्रमहरु कार्यान्वयनको क्रममा केन्द्रद्वारा अनुगमन गरिने पनि बताइएको छ । आरम्भमा आन्दोलनले साना, स्थानीय र विशिष्ट स्वत्वसहित आआफ्ना विशिष्टतामा आकार ग्रहण गर्दै अघि बढ्ने र क्रमशः तिनले साझा तथा विसाल आकार ग्रहण गर्ने पार्टी केन्द्रको अनुमान रहेको छ। यसबाट स्थानीय नेतृत्वको विकास, जनतासँगको सम्बन्धमा प्रगाढता, जनवर्गहरुमा समीपता र मिल्ने मुद्दाहरुमा जुझारु सङ्घर्षको उठानमा जोड दिएको देखिन्छ।

त्यसै गरी जनवर्गीय सङ्गठनहरुलाई संयुक्त सङ्घर्षतिर उद्धत गराउन ध्यान दिएको देखिन्छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्न सबैका साझा प्रश्न भएकाले पनि ती सबैको सङ्घर्षलाई संयुक्त सङ्घर्षतिर विकास गराउन ध्यान दिइएको हुनसक्छ ।

... बाँकी ८ पेजमा

# क्रान्तिकारी माओवादीको देशव्यापी भेला बैठक

◆ वर्गदृष्टि संवाददाता

**काठमाडौं ।** पार्टीको राष्ट्रिय भेला पश्चात नेकपा (क्रान्तिकारी माओवादी) देशव्यापी रुपमा भेला र बैठकमा व्यस्त बनेको छ। वर्गदृष्टि साप्ताहिकलाई प्राप्त जानकारी अनुसार पूर्वी तथा तराई भेगका केही राज्य वा जिल्लाहरुमा खेतीका मौसम भएकोले असारको अन्तिमबाट भेला बैठकहरुको तयारी गरिएको छ भने पश्चिम भेरी कर्णाली, सेती महाकाली, थारुवान, अवध, भोजपुरा राज्यहरुमा पार्टीको भेला बैठक सम्पन्न गरिएको छ।

सुर्खेतको विरेन्द्रनगरबाट वर्गदृष्टिका स्थानीय संवाददाताले जनाए अनुसार पश्चिमी कमाण्ड इन्चार्ज हरिभक्त कँडेलको अध्यक्षतामा भेरी कर्णाली राज्यको बैठक असार १५ र १६ गते बसी सम्पन्न भएको छ । बैठकपछि हरिभक्त कँडेलद्वारा जारी विज्ञप्तीमा भनिएको छ, "पार्टीको राष्ट्रिय भेला तथा केन्द्रीय समितिले गरेका वैचारिक/राजनीतिक संगठन तथा संघर्षसम्बन्धी योजना तथा कार्यक्रमलाई राज्यस्तरमा कार्यान्वयन गर्ने निर्णय गरियो । सो अनुरुप राष्ट्रिय स्वाधीनता, जनतन्त्र तथा जनजीविका लगायतका विषयमा प्रचारात्मक आन्दोलन अघि बढाउने, नव संशोधनवाद र प्रतिक्रियावादी राज्य सत्ताका विरुद्ध वैचारिक तथा राजनीतिक भण्डाफोर अभियान चलाउने।" विज्ञप्तीमा बैठकले लिएका निर्णयबारे भनिएको छ, "राष्ट्रिय स्वाधिनतामाथि मुख्यत : भारतीय विस्तारवादको बढ्दो हस्तक्षेप र त्यसले निम्त्याएको माथिल्लो कर्णाली जलविद्युत् आयोजनासम्बन्धी राष्ट्रघाती सम्झौताको खारेजीको निम्ति राज्यस्तरमा पार्टी केन्द्रीय सदस्य चक्रपाणि शार्माको नेतृत्वमा माथिल्लो कर्णाली संघर्ष समिति निर्माण गरिएको छ।"

यसैगरी नेपालगंजबाट हाम्रा स्थानीय संवाददाताले जनाएअनुसार यही असार १८ गते नेकपा (क्रान्तिकारी माओवादी)को थारुवान राज्य समितिको बैठक सम्पन्न भएको छ। बैठक पार्टीका पश्चिम कमाण्ड इन्चार्ज हरिभक्त कँडेलको प्रमुख आतितथ्यता र केन्द्रीय सल्लाहकारद्वय सुवाष र गम्भीरको उपस्थितिमा राज्य इन्चार्ज तथा सेक्रेटरी हर्कबहादुर शाहीको अध्यक्षतामा बस्यो ।

बैठकपछि एक विज्ञप्ती जारी गर्दै हालै सम्पन्न पार्टीको राष्ट्रिय भेलाले क्रातिकारी माओवादी धारालाई समाप्त पार्ने देशी विदेशी प्रतिक्रियावादी शक्ति र नवसंशोधनवादीहरूको षड्यन्त्रलाई निस्तेज पारेको र विचारधारा एवम् क्रान्तिकारी झण्डालाई जोगाउन सफल रहेको दाबी गरिएको छ । राष्ट्रिय भेलाको समीक्षाका सम्बन्धमा विज्ञप्तीमा भनिएको छ, "भेलामा सहभागी सबै नेता कार्यकर्ताहरूमा क्रान्तिको बाँकी कार्यभारपूरा गर्न विचारको रक्षा र विकास गर्न र त्यसलाई क्रान्तिकारी जुझारु सङ्गठनमा रूपान्तण गर्ने दायित्वबोध गराएको । पार्टी स्कूलिङलाई तलैसम्म व्यवस्थित रूपले लैजानु पर्ने। भेला समग्र रूपमा भव्य, सानदार र उत्साहपूर्ण रहेको, निष्कर्ष निकालिएको छ।" बैठकले गरेको संघर्षसम्बन्धी निर्णयका विषयमा विज्ञप्तीमा उल्लेख गरिएको छ, "माथिल्लो कर्णालीको ऊर्जा विकास सम्झौता (एम्ब)लाई जिएमआर कम्पनीकै योजना कार्यान्वयन गर्न सरकारद्वारा सेना परिचालनसमेत गरिएकोमा त्यसका विरुद्ध देशका विभिन्न स्थानमा विरोध प्रदर्शन गर्ने, राष्ट्रियता, जनतन्त्र तथा जनजीविकासहित वर्गसङ्घर्षका समस्यालाई लिएर राज्य वा जिल्लास्तरमा सिर्जनात्मक रूपमा सङ्घर्षका कार्यक्रम दिने, मधेसी, थारू, आदिवासी जनजातिद्वारा उठाइँदै आएका जायज मागहरूको समर्थन गर्ने तथा त्यसप्रकारका आन्दोलनमा ऐक्यबद्धता जनाउने र तिनलाई वर्गीय मुक्ति आन्दोलनसित जोड्दै पार्टीको स्वतन्त्र पहलमा सङ्घर्षका कार्यक्रम सञ्चालन गर्ने, विभिन्न प्रकारका व्यथिति, राष्ट्रघाती, जनघाती, सीमा क्षेत्रमा भइरहेका अमानुसिक ज्यादती जस्ता कामहरू, भ्रष्टाचार, दलाली, कमिसनखोरी तत्वहरूको सुक्ष्म अध्ययन अनुसन्धान गर्ने र जनकारवाहीमा लैजाने, वैचारिक राजनीतिक स्कूलिङ...

बाँकी ८ पेजमा

# नाम परिवर्तन गर्दैंमा सार बदलिँदैन

*"यी निरीह व्यक्तिहरु के सोच्दछन् भने कुनै चीजको नाउँ फेर्ने वित्तिकै त्यो चीजलाई नै बदल्न सकिन्छ।"*

**– एंगेल्स**



प्रेम सुवेदी

उपरोक्त फ्रेडरिक एंगेल्सको भनाइले अहिले पनि हाम्रा लागि निकै महत्व राख्दछ। यो भनाइ त्यति बेला लेखिएको थियो, जतिबेला मार्क्स एन्गेल्सले भरखरै मात्र कम्युनिष्ट घोषणा पत्र जारी गर्दैं पुँजीवादको विकल्प एउटा कालखण्डसम्म समाजवादी राज्यव्यवस्थाको आवश्यकतामाथि जोड दिनु भएको थियो । तर त्यो कुरालाई एकातर्फ पुँजीपतिवर्गले पुँजीवाद नै निर्विल्प व्यवस्था बताउँदै यो विचारप्रति आक्रमण गर्दथे भने, अर्कोतर्फ अराजकतावादीहरु पुँजीवाद पछि स्वतः राज्यको अस्तित्व नरहने वकलत गर्दैं थिए।

यसप्रकारको परिवेशमा अभिव्यक्त भएको उपरोक्त भनाइ अहिले पनि हाम्रा लागि मार्गनिर्देशन गरिरहेको छ । नेपालको सन्दर्भमा यतिबेला यो भनाइको महत्व मुख्यतः दुईवटा प्रश्नसँग सम्बिन्धत छ। पहिलो, आजको अर्थ राजनीतिसँग यसको ऐतिहासिक महत्व छ। दोस्रो, यो भनाइ नेपालको कम्युनिष्ट आन्दोलनको कार्यदिशासँग जोडिएको छ। मार्क्स एन्गेल्सले समाज विकासका चरणलाई व्याख्या गर्दा मनोगत आधारमा होइन, इतिहासको वैज्ञानिक तथ्यका आधारमा विश्लेषण गर्नुभयो । र, त्यो नै ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोण हो । अराजकतावादीहरु पुँजीवाद पश्चात् राज्यसत्ताको आवश्यकता नहुने वकलत गरिरहेका थिए । मार्क्स-एन्गेल्सले संक्रमणको एउटा ऐतिहासिक चरण रहने कुरा गर्नु भयो। र, सर्वहारा वर्गको सत्ताको प्रश्नमा जोड दिनु भयो भने अराजकतावादीहरु विलोपको कुरा गर्दैं आए र सारमा पुँजीपतिवर्गलाई नै सहयोग पुऱ्याए। यो विषय नेपालको सन्दर्भमा यतिबेला किन आवश्यक देखियो भने एकातर्फ अहिले पनि नेपाली समाज अर्ध-सामन्ती तथा अर्ध/नवऔपनिवेशिक अवस्थामा रहेकोले पुँजीवादी क्रान्तिको चरण बाँकी रहेको अवस्थामा नयाँ जनवादी क्रान्ति नै अहिलेको मुख्य कार्यभार बन्न पुगेको छ । अर्कोतर्फ यो ऐतिहासिक विशिष्टतालाई पुरै पन्छाएर दक्षिणपन्थी संशोधनवादीहरु अहिलेको कार्यदिशा समाजवादी क्रान्ति भएको चर्चा गरेर हिंडिरहेको पृष्ठभूमिमा विचारधारात्मक सघर्षको आवश्यकता रहन गएको छ।

नेपाली समाजमा भएको विकास र त्यसले उत्पन्न गरेका अन्तरविरोधलाई मनोगतवादी दृष्टिकोणले होइन, मालेमावादी चिन्तन पद्धतिका आधारमा निरुपण गर्नु नै अहिलेको ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो । नेपाली समाजको जे वास्तविकता हो, त्यो धरातलबाट नै हामीले निस्कर्ष निकाल्नु पर्दछ। तसर्थ, अहिले पनि नेपाली समाज सामन्तवादी तथा साम्राज्यवादी उत्पीडनबाट मुक्त भएको छैन । र, नयाँ जनवादी क्रान्तिको आवश्यकता अनिवार्य छ । नेपालको अर्थ-राजनीतिमा खोज अनुसन्धान गर्दैं आउनुभएका प्राध्यापक माणिकलाल श्रेष्ठ भन्नुहुन्छ, "नेपालमा विद्यमान पुँजीवादी शक्तिहरु राष्ट्रिय पुँजीपती होइन, उनीहरु केही हदसम्म यथास्तिवादी र केही हदसम्म विदेशी एकाधिकार पुँजीका दलाल हुन् । त्यसैले पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने संसदीय पार्टीले वर्तमान पुँजीवादी नयाँ जनवादी क्रान्तिको अभिभारा पुरा गर्न सक्दैन । पुँजीवादी क्रान्तिको अभिभारा सर्वहारा वर्गको काँधमा आएको छ।" उपरोक्त भनाइले दुईवटा कुरा स्पष्ट गर्दछ : विद्यमान नेपाली समाजमा हुने क्रान्ति पुँजीवादी जनवादी क्रान्ति नै हो र दोस्रो, त्यसको नेतृत्व सर्वहारावर्गले गर्नु पर्दछ भन्ने कुरा प्रस्ट छ। यी ऐतिहासिक तथ्यलाई उपेक्षा गरेर निश्चय नै हामीले आजको क्रान्तिको कार्यभारलाई पुरा गर्न सक्दैनौं। र, त्यो कुरालाई थप पुष्टि गर्दैं नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी माओवादीको ऐतिहासिक राष्ट्रिय

... बाँकी ८ पेजमा

## सम्पादकीय

# विजुलीको मूल्यवृद्धि फिर्ता लेऊ

सरकारले विजुलीमा ११ देखि २२ प्रतिशतसम्म मूल्यवृद्धि गरेको खुलासा भएको छ । नेपाल विद्युत प्राधिकरणले वर्षेनी अर्बौं घाटा रहेको भन्दै सोको पूर्तिका लागि यसो गरिएको प्रष्टिकरण दिएको छ । प्रति युनिट २२ प्रतिशतसम्म बढाउन विद्युत महशुल निर्धारण आयोगले सिफारिश गरेको छ । यो महशुल श्रावण महिनादेखि असुल गरिने बताइएको छ । विद्युत महशुल नियमावली, २०५० विपरित यो निर्णय लागू गरी महशुल अशुल गर्न लागिएको हो ।


ओली सरकारले जनपक्षीय कामहरु गर्ने र सेवासुविधा उपलब्ध गराउने कुराहरु गर्दैगर्दा अकल्पनीय रुपमा विजुलीको मूल्य वृद्धि गरिएको छ । भारतबाट ढल्केबरहुँदै ठूलो मात्रामा विजुली नेपाल भित्र्याउने र नेपालमा लोडसेडिङको अन्त्य गर्ने सपना बाँडिरहँदा यो अकल्पनीय मूल्य वृद्धि हुन पुगेको छ ।

विद्युत महशुल नियमावली, २०५० विपरित यो मूल्य वृद्धि गरिएकाले कानुनी रुपमा नै यो मूल्यवृद्धि लागूहुन नसक्ने तर्क सर्वत्र उठ्न थालेको छ । विद्युत महशुल नियमावली, २०५० ले एक वर्षमा ५ प्रतिशतभन्दा बढि मूल्य वृद्धि गर्न नपाइने भनी महशुल वृद्धिको सीमा तोकेको छ । तथापि यसबारे सरकार अहिलेसम्म एक शब्द पनि बोलेको छैन । यो विषयलाई लिएर आम जनता र विद्युत उपभोक्ताहरु सडकमा उत्रने तयारी तयारी गगरिरहेका छन् ।

एकातिर विद्युत महशुल यसरी आकाशिएको छ भने अर्कोतिर विद्युत निर्माणका कार्यहरु प्रायः ठप्प रहन गएका छन् । नेपाल सरकार र नेपाली पहलमा हुने विद्युत निर्माण कार्य अवरुद्ध गर्दै विदेशीका हातमा नेपालको जलस्रोत सुम्पने प्रक्रियालाई तीब्रता दिइएको विज्ञहरुको आरोप छ । ठेकेदारहरुले एजेन्टहरुसँग मिलेर ठेक्का लिने र ठेकेदार र दलालहरुले नेता तथा कर्मचारीहरुलाई रिझाउन केही हिस्सा रकम बुझाउने प्रचलनले पनि काम हुन नसकेको बताइन्छ । कमिसन लिने र खाने कामले निर्माण कार्य अबरुद्ध हुनुका साथै निर्माणाधीन योजनामा कमसल सामग्रीको प्रयोग भएको पाइन्छ ।

सरकार, सरकारी कर्मचारी र दलका नेताहरु नै भ्रष्ट र अनैतिक काममा जोडिन र मुछिन पुगेकाले गुणस्तरीय कामको अपेक्षागर्न समेत् गाह्रो भएको छ । एकातिर सरकार र देशीय पुँजीपति नै विजुली उत्पादन जस्तो महत्वपूर्ण कार्यमा नजोडिने र विदेशीले जलस्रोत नै कब्जा गरेर आफ्नो देशमा उत्पादित विजुली महङ्गो मूल्यमा उल्टै नेपाललाई बेच्ने योजना अन्तरगत नै अहिलेको विजुली महशुल वृद्धिको एक मात्र कारण हुनसक्छ भनने कुरामा दुई मत नहोला । यसले सरकारको नालायकीपनलाई त उजागर गर्छ नै बरु यसले राष्ट्रियताको आन्दोलनमा फ्युल भर्ने काम पनि राम्रैसँग गर्ने छ । अब राज्यसमक्ष दुईवटा विकल्प बाँकी छन्: कि त बढाइएको विद्युत महशुल फिर्ता लेऊ, होइन भने आन्दोलनको सामना गर्नुको विकल्प छैन ।

# अधिभूतवाद र द्वन्द्ववादबारे



हस्तबहादुर के.सी.

अधिभूतवादीहरूको धारणा अनुसार वस्तुमा मात्रात्मक परिवर्तन भन्ने कुरा मात्र हुन्छ, गुणात्मक परिवर्तन भन्ने कुरा हुँदैन । बुद्धि भन्ने कुरा मात्र हुन्छ, विकास भन्ने कुरा हुँदैन । उस्तै उस्तै घटना दोहोरिने पुनरावृत्ति भइरहने भन्ने कुरा मात्र हुन्छ, एउटै वस्तु विल्कुलै नयाँ अर्को वस्तुमा बदलिने भन्ने कुरा हुँदैन । अधिभूतवादले कुनै पनि वस्तुको परिवर्तन र विकासको मुल कारण नै बुझ्न र ठम्याउन सक्दैन ।

वास्तविक जगत्मा जेजति कुरा अस्तित्वमा छन्, ती एकआपसमा अन्तरसम्बन्धित रहेका हुन्छन् । संसारमा अस्तित्वमा रहेका सारा वस्तुहरू र तिनीहरूको मानसिक छाया-विचारहरू गतिशील हुन्छन् र गतिका कारण वस्तुमा रहेका अन्तरविरोधी पक्षहरू नै प्रवल हुन्छन् भन्ने मान्यताका विपरीत अस्तित्वमा रहेका सारा वस्तुहरू र तिनीहरूको मानसिक छायाँ -विचारहरू स्थिर छन् र गतिका कारण बाहिरी बल हो भन्ने धारणा पनि रहेको छ । संसारका दार्शनिक पद्धतिहरू मुलतः दुई खेमामा बाँडिएका छन् ।

दार्शनिक जगत्को क्षेत्रमा ती सबै दार्शनिक अधिभूतवादी हुन् जो संसारलाई संसारमा अस्तित्वमा रहेका सारा वस्तुहरू र तिनीहरूको मानसिक प्रतिबिम्ब विचारलाई अलग अलग ढङ्गले र स्थिर रूपमा हेर्छन् र विश्लेषण गर्छन् । एकजना अधिभूतवादीको लागि संसारमा जेजति रूपमा वस्तुहरू, जीवजन्तुहरूका प्रकारहरू अस्तित्वमा छन् ती सबै अनादिकालदेखि छुट्टाछुट्टै छन् र सबै अपरिवर्तनशील वा स्थिर छन् । केही परिवर्तन भएको छ भने तिनीहरूको सङ्ख्यामा घटबढ भएको छ । यो कुनै अर्को नयाँ रूपमा बदलिने र विकसित हुने गरेको छैन । तसर्थ, यो संसार भनेको त्यस्तै अलग-अलग स्थिर र सधैँका लागि निश्चित रूपमा अन्तिम वस्तुको सँगालोले ठाउँ सर्ने गरिरहेका छन्, त्यो गतिको कारण बाहिरी बल हो ।

अधिभूतवादीको निम्ति कुनै वस्तु वा जीवजन्तु अस्तित्वमा छ भने सधैँभरि छ छैन भने कहिल्यै पनि अस्तित्वमा छैन । उसको निम्ति कुनै पनि वस्तु वा जीवजन्तु उही नै समयमा अस्तित्वमा छ पनि, साथसाथै त्यो अस्तित्वबाट जाँदै छ पनि भन्ने धारणा/पद्धति रहेको छ ।

यसप्रकार अधिभूतवाद भनेको एकलकाँटे र एकपाखे दार्शनिक पद्धति हो । यो दर्शनको सीमा नै यही हो कि यो दर्शनले कुनै पनि वस्तुलाई अन्तरसम्बन्धमा र निरन्तर गतिमा हेर्न र बुझ्न सक्दैन । यो दर्शनले कुनै पनि वस्तुको विपरीत पाटो र समग्र बाटोलाई हेर्न सक्दैन । यो दर्शनले कुनै पनि वस्तु विपरीत पाटोको आपसी द्वन्द्व र अन्तरसम्बन्धबाट पहिले मात्रामा बदलिँदै गएर अन्ततः गुणकै हिसाबले विल्कुलै नयाँ वस्तुमा किन र कसरी बदलिन्छ भन्ने विषयमा व्याख्या र विश्लेषण गर्न सक्दैन । अधिभूतवादी विकास, रूपान्तर फड्को जस्ता पद्धतिहरूलाई बुझेकै हुँदैनन् ।

अधिभूतवादको ठिक विपरीत दर्शन हो- द्वन्द्ववादी दार्शनिकहरूको के मत छ भने संसारका कुनै पनि वस्तुलाई र तिनीहरूको मानसिक छाया, विचारहरूलाई एक्लो र अलगअलग रूपमा होइन, निरन्तर गतिमा हेर्नुपर्छ भन्ने धारणा राख्छन् । द्वन्द्ववादीको लागि संसारको कुनै पनि वस्तु एक्लो र अलग अलग हुने गर्दैन । संसारको प्रत्येक वस्तु आफु वरिपरिका अरू अनगिन्ती वस्तुहरूसितको सम्बन्ध रहेको हुन्छ । त्यो अरू थुप्रै वस्तुसितको अन्तरनिर्भरता रहेको हुन्छ । ती सम्बन्धका कारणले एकले अर्कोमाथि प्रभाव पारेको हुन्छ । क्रिया प्रतिक्रिया सिर्जना गरिरहेको हुन्छ । वास्तवमा वस्तुहरू बिचका अन्तरसम्बन्धबाट पैदा हुने आपसी क्रिया-प्रतिक्रिया नै हामीले देख्ने गरेको गति हो । त्यसैले संसारमा त्यस्तो वस्तु नै हुँदैन, जो अलग-अलग हुन्छ र अरू वस्तुसितको अन्तरसम्बन्धमा हुँदैन । द्वन्द्ववादी दार्शनिकहरूको विश्लेषण अनुसार यस्तो हुँदो हो त संसारमा परिवर्तन र गति भन्ने कुरा नै हुँदैनथ्यो । युगौँसम्म हामी उही मान्छे, उही वस्तु, उही समाज, उस्तै प्रकृति जस्ताका तस्तै देखिइरहेका हुने थिए । त्यसमा कुनै हेरफेर नै देखापर्दैनथ्यो भन्ने धारणा रहेको छ । वस्तुभित्रको गति र परिवर्तनको कारक तत्व अन्तरसम्बन्ध हो र अन्तरसम्बन्धमा रहेका तमाम वस्तुहरूको आपसी अन्तर्क्रिया हो । यो विषयमा फ्रेडरिक एङ्गेल्सको सटिक भनाइ छ- “यी चिजहरू अन्तरसम्बन्धित छन् भन्ने तथ्यभित्र के कुरा पहिले नै समाहित हुन्छ भने तिनीहरूले एक अर्कोमाथि प्रतिक्रिया जनाउँछन् र ठिक यही आपसी प्रतिक्रियाले नै गति पैदा गर्छ ।”

अधिभूतवादीहरूको भन्दा ठिक उल्टो द्वन्द्ववादीहरू के धारणा राख्छन् भने संसारमा जे जतिथरिका वस्तु र जीवजन्तुहरू छन्, अस्तित्वमा छन- ती सबै अनादिकालदेखि अलग-अलग र उही रूपमा रहिरहेका छैनन् । ती लगातार बदलिरहेका छन् । आमरूपमा बदलिनु भनेको गति हो । खाली वस्तुहरूको सङ्ख्यामा मात्र घटबढ भएको होइन ठाउँ मात्र सरेको पनि होइन, एउटा वस्तु सम्बन्धमा रहेका थुप्रै वस्तुहरूसितको अन्तर्क्रियाबाट विल्कुल नयाँ अर्को वस्तुमा विकसित भइरहेको छ । वस्तुको गुणमै हेरफेर भइरहेछ । यो द्वन्द्ववादको आधारभूत नियमभित्र पर्दछ ।

त्यस्तै, प्रकृति विज्ञानले पनि थुप्रै अकाट्य प्रमाणहरूद्वारा के सावित गरिसकेको छ भने मान्छे र जीवजन्तुहरू प्रकृतिकै विकासका नयाँ उपज हुन् । पृथ्वीमा अनादिकालदेखि नै मान्छे अस्तित्वमा थिएन, न त जीवजन्तु नै अस्तित्वमा थिए । यस्तो पनि पृथ्वीमा समय र परिस्थिति थियो, जतिखेर यहाँ कुनै जीवजन्तु नै अस्तित्वमा थिएन । खाली निर्जीव प्रकृति मात्रै अस्तित्वमा थियो । निर्जीव वस्तुहरूबाट सजीव वस्तु पैदा कुनै ब्रह्माले सृष्टि गरेको कुरा नभएर अनगिन्ती निर्जीव वस्तुहरूको आपसी सम्बन्ध र आपसी क्रिया-प्रतिक्रिया नै त्यस्तो आधार हो, जसले पृथ्वीमा रहेका सारा वस्तुहरूलाई बदल्दै लग्यो । लामो समयसम्मको निर्जीव वस्तुहरूको अन्तर्क्रिया र अन्तरसम्बन्धबाट नै अनुकूल हावा, पानी र परिस्थितिमा बिल्कुलै नयाँ अर्को चिज सजीव वस्तु पैदा भयो । वैज्ञानिक चार्ल्स डार्बिनले थुप्रै अकाट्य प्रमाणहरूद्वारा के प्रमाणित गरिसकेका छन् भने- मान्छे आफ्नै कुनै ईश्वरको सृष्टि होइन, यो प्रकृति र जीवजन्तुकै क्रमिक विकासको उपज हो । यो क्रमिक विकास एक्लाएक्लै र अलग-अलग रूपमा कदापि आएको होइन । वरपरका अनगिन्ती वस्तु र घटनाहरूसितको अन्तरसम्बन्ध र त्यसबाट पैदा भएको क्रिया-प्रतिक्रियाबाट आएको हो ।

तसर्थ, अधिभूतवादको ठिक विपरीत द्वन्द्ववादले के धारणा राख्छ भने संसारको कुनै पनि वस्तु, जीवजन्तु वा कुनै पनि अस्तित्व दुरुस्त रूपमै दोहोरिने गर्दैन । आफु वरपरका अनगिन्ती वस्तुहरूसितको आपसी सम्बन्ध, अन्तर्क्रिया र अन्तर्निर्भरताबाट यो लगातार र क्रमिक रूपमा बदलिरहेको हुन्छ । यो हिसाबले अधिभूतवाद प्रकृति विज्ञान आजको उचाइमा विकास नहुँदाताकाको दर्शन हो । यो यन्त्र विज्ञानले मात्र विकास गर्दा तत्कालको सत्रौँ/अठारौँ शताब्दीको दर्शन हो । यन्त्र विज्ञानमा वस्तुहरूको सङ्ख्यामा घटबढ हुनु वस्तुहरूले ठाउँ सर्नुलाई यान्त्रिक रूपमा लिने गर्छ । यन्त्र विज्ञानमा गतिको कारण बाहिरी बल हुने गर्छ । त्यस्तै, अधिभूतवादीहरूको धारणा के रहेको छ भने संसारमा गतिको कारण बाहिरी बल हो ।

द्वन्द्ववाद आधुनिक विज्ञानमा आधारित छ । तसर्थ अधिभूतवादको ठिक विपरीत द्वन्द्ववादको के धारणा राखेको छ भने संसारका तमाम वस्तुहरूको गतिको स्रोत बाहिरी बल होइन । वस्तुहरूमा निहित अन्तर्विरोधी पक्ष नै गतिको आधार भूत कारण हो । द्वन्द्ववादका अनुसार कुनै पनि वस्तु र घटनामा एउटा पक्ष वा पाटो मात्र हुँदैन, त्यसको ठिक विपरीत पक्ष वा पाटो पनि साथसाथै अस्तित्वमा रहेको हुन्छ । विपरीत पक्षहरू वा पाटाहरू आपसमा विरोधी मात्र हुन्नन्, तिनीहरूले अर्कोलाई प्रभावित पारिरहेका पनि हुन्छन् । एकले अर्काभित्र प्रवेश गरिरहेका पनि हुन्छन् । एक अर्कोमाथिअन्तनिर्भर पनि हुन्छ । विपरीत पक्षहरू आपसमा सङ्घर्षरत पनि हुन्छ । उनीहरूका बिच सङ्घर्ष र एकता साथसाथै चलिरहेको हुन्छ ।


अधिभूतवाद प्रकृति विज्ञान आजको उचाइमा विकास नहुँदाताकाको दर्शन हो । यो यन्त्र विज्ञानले मात्र विकास गर्दा तत्कालको सत्रौँ/अठारौँ शताब्दीको दर्शन हो । यन्त्र विज्ञानमा वस्तुहरूको सङ्ख्यामा घटबढ हुनु वस्तुहरूले ठाउँ सर्नुलाई यान्त्रिक रूपमा लिने गर्छ ।

अधिभूतवादको एउटा मुख्य दोष नै यही हो कि त्यसले हरेक वस्तुमा हुने अन्तर्विरोधी पक्ष देख्दैन र देख्न पनि सक्दैन । अतः यो एकपाखे दर्शन हो । कुनै पनि वस्तुको विपरीत पाटो देख्न नसक्नु नै अधिभूतवादको एउटा मुख्य सीमा हो । अधिभूतवादीहरू कुनै वस्तु वा व्यक्तिमा सकारात्मक पक्ष देख्छन्, त्यही नै बेला त्यसमा नकारात्मक पक्ष हेर्न बिर्सन्छन् ।

द्वन्द्ववादका अनुसार प्रकृति, समाज र विचारको हरेक क्षेत्रमा विपरीत वा अन्तर्विरोधी पक्षहरू हुन्छन् । अन्तर्विरोधी पक्षहरू बिचको आपसी द्वन्द्व र अन्तरसम्बन्ध न वस्तुको गति परिवर्तन वा विकासको मुख्य कारण हो तर अधिभूतवादीहरूले गति, परिवर्तन वा विकासको मुख्य कारण नै ठम्याउन सक्दैनन् । यही हुनाले अधिभूतवादीहरूको धारणामा एउटा वस्तु अन्तर्विरोधी पक्षहरू बिचको द्वन्द्व वा अन्तरसम्बन्धले गर्दा पहिले मात्रामा बदलिँदै गएर, एउटा निर्णायक विन्दुमा गुणात्मक रूपले नै नयाँ र उन्नत वस्तुमा रूपान्तरित हुने भन्ने कुरा हुँदैन । अधिभूतवादीहरूको धारणा अनुसार वस्तुमा मात्रात्मक परिवर्तन भन्ने कुरा मात्र हुन्छ, गुणात्मक परिवर्तन भन्ने कुरा हुँदैन । बुद्धि भन्ने कुरा मात्र हुन्छ, विकास भन्ने कुरा हुँदैन । उस्तै उस्तै घटना दोहोरिने पुनरावृत्ति भइरहने भन्ने कुरा मात्र हुन्छ, एउटै वस्तु विल्कुलै नयाँ अर्को वस्तुमा बदलिने भन्ने कुरा हुँदैन । अधिभूतवादले कुनै पनि वस्तुको परिवर्तन र विकासको मुल कारण नै बुझ्न र ठम्याउन सक्दैन । यही हुनाले नै अधिभूतवादलाई एकपाखे र स्थिरताको दर्शन भनिएको छ तर द्वन्द्ववाद भने अन्तर्द्वन्द्व र अन्तरसम्बन्धको दर्शन हो । यो निरन्तर गति र विकासको दर्शन हो । अधिभूतवादको ठिक विपरीत द्वन्द्ववादले हरेक वस्तुमा अन्तर्विरोधी पक्षहरू रहेको देख्छ,, ती पक्षहरू बिच लगातार द्वन्द्व र अन्तरसम्बन्ध देख्छ र यही कारणले हरेक वस्तु लगातार गतिशील भइरहेको देख्छ ।

यसरी हेर्दा संसारमा त्यस्तो कुनै वस्तु र घटना नै हुँदैन, जसमा अन्तर्विरोधी पक्षहरू हुन्नन् । त्यस्तो अन्तर्विरोधी पक्ष नै हुँदैन, जो द्वन्द्वमा र अन्तर्निर्भरतामा हुन् । जहाँ पुँजीपति हुन्छ त्यहाँ अवश्य पनि मजदुरहरू हुन्छन् । जहाँ शोषक हुन्छ, त्यहाँ अवश्य शोषितहरू पनि हुन्छन् । जहाँ क्रिया हुन्छ, त्यहाँ निश्चित पनि प्रतिक्रिया हुन्छ । क्रिया जति चर्को हुन्छ, प्रतिक्रिया पनि त्यत्तिकै चर्को र विपरीत हुन्छ । जुन वस्तुको सुरुआत हुन्छ, त्यसको अन्त्य पनि हुन्छ । जुन वस्तुमा जीवन हुन्छ, त्यसमा मृत्युको प्रक्रिया पनि सँगसँगै हुन्छ । द्वन्द्ववादले यसरी हेर्छ संसारलाई । प्रकृति, समाज र विचारलाई भने अधिभूतवादको दृष्टिकोणमा कुनै वस्तुको विपरीत पाटो हुँदैन । कुनै पनि वस्तुको अन्तर्विरोधी पक्ष हुँदैन र यसको अनुसार हरेक वस्तु एकपाटे र एकपाखे हुन्छ ।

# अहिले सिद्धान्तबाट च्यूत नामधारी कम्युनिस्टहरुको बिगबिगी बढेको छ



**परि थापा**
**नेता, नेकपा (क्रान्तिकारी माओवादी)**

***क्रान्तिकारी माओवादीको राष्ट्रिय भेला सम्पन्न भएको छ । यसको कसरी समीक्षा गर्नुभएको छ ?***

वास्तवमा नेकपा-माओवादी र नेकपा (एकीकृत)का बीचमा गत मंसिरमा पार्टी एकता सम्पन्न भएपछि नेकपा (क्रान्तिकारी माओवादी) को गठन भएको थियो । दुबै पार्टीका बीचमा सम्पन्न भएको एकता अधिवेशनले आगामी असोज महिनामा पार्टीको राष्ट्रिय सम्मेलन तय गर्ने निर्णय लिएको थियो । तर पार्टीभित्रका केही साथीहरुले उक्त निर्णयप्रति गैरजिम्मेवार हुँदै सैद्धान्तिक तरिकाले जसरी पनि एनेकपा (माओवादी) सँग पार्टी एकता गर्नुपर्छ भन्ने विचार राख्दै आफ्ना अराजक गतिविधि अगाडि बढाउनुभयो । त्यसप्रकारको गतिविधिका कारणले पार्टीलाई फुटको अवस्थासम्म पुऱ्यायो । यस्तो अवस्थामा पार्टी सङ्गठनलाई पुनर्गठन एवं पुनर्संगठित गर्नुपर्ने आवश्यकता भएकाले यो राष्ट्रिय भेलाको आयोजना गरिएको हो ।

राष्ट्रिय भेला आयोजना गरेअनुसार नै भव्यतापूर्वक सम्पन्न भएको छ । भेलामा देश तथा विदेशमा रहेका पार्टी संगठन र कमिटीहरुबाट पार्टीपंक्तिमा रहेका अगुवा एवम् जिम्मेवार नेता तथा कार्यकर्ताहरुलाई उपस्थित हुन आह्वान गरिएको थियो र सोहीअनुसार उत्साहपूर्वक कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । भेलामा उपस्थित नेता तथा कार्यकर्ताहरुलाई पार्टी केन्द्रका तर्फबाट सैद्धान्तिक, राजनीतिक र सांगठनिक लगायतका विषयहरुमा प्रशिक्षित एवम् निर्देशित गर्ने काम भएको छ । परिणामस्वरुप भेलामा उपस्थित सम्पूर्ण नेता तथा कार्यकर्ताहरु नयाँ जोश र उत्साहकासाथ आ-आफ्नो जिम्मेवारी निभाउन एवम् कार्यक्षेत्रमा खट्नुभएको छ ।

***यो भेलाभन्दा अघि आएको विभाजन र फुटको असर अझै पनि बाँकी छ र ?***

सामान्यतः पार्टी फुटको परिघटनाको पाटाक्षेप भइसकेको छ । किनभने त्यसको भित्री नाटक मञ्चन धेरै पहिलेदेखि नै नेपथ्यमा भइरहेको थियो । अहिले जुन अवस्था हाम्रा अगाडि देखा पर्न आयो त्यो त केवल खुलामञ्चमा भएको प्रदर्शन मात्रै हो । तरपनि हामीले पार्टी फुटलाई जोगाउनका लागि सकारात्मक पहल र प्रयत्न गरेका थियौं । त्यस दौरानमा फुटपरस्त तत्वहरु र पार्टीलाई एकताबद्ध राख्ने पक्षहरुका बीचमा दुईलाइन सङ्घर्ष चल्यो र त्यो सङ्घर्ष आन्तरिक रुपमा मात्र सीमित रहेन र सार्वजनिक रुपमा नै देखा पर्न गयो । अर्को शब्दमा भन्नुपर्दा दुईलाइन सङ्घर्षले एकदम भद्दा शत्रुतापूर्ण रुप लिन पुग्यो । यसरी पार्टी जीवनमा शत्रुतापूर्ण रुपमै दुईलाइन सङ्घर्ष चलेर त्यसको चरमोत्कर्षका कारण पार्टी फुटको अवस्थामा पुऱ्याएपछि पार्टीको समग्र पङ्क्ति र संरचनामा असर त पुऱ्याउने नै भयो, तथापि हामीले त्यसलाई सामना गरिसकेका छौं र नयाँ जोश र जाँगरसहित अगाडि बढ्ने नीति एवम् कार्यक्रम तय गरिसकेका छौं ।

***माओवादी केन्द्रमा सामेल भएको पक्षले पूर्व माओवादी र नेकपा (एकीकृत) बीचको एकतालाई नकारात्मक रुपमा प्रचार गर्ने गरेका छन् । प्रष्ट पारिदिनुहोस् न ।***

पूर्व नेकपा-माओवादी र नेकपा (एकीकृत) का बीचमा भएको एकता दुई क्रान्तिकारी पार्टीका बीचमा भएको सिद्धान्तनिष्ठ एकता थियो । त्यस दौरानमा सिद्धान्तनिष्ठ एकताका लागि आवश्यक पर्ने वार्ता, सम्वाद र अन्तरक्रियाहरु सम्पन्न भएका थिए । तपाईले भनेजस्तै उक्त एकता प्रक्रियालाई नरुचाउने व्यक्तिहरु पनि थिए तर उनीहरुको विचार र प्रतिक्रियाले पार्टी एकतालाई रोक्न सकेन । त्यस्ता व्यक्तिहरुले अभिव्यक्त गरेका नकारात्मक विचारहरु स्वयं मैले प्रत्यक्ष रुपमा सुनेको र देखेको छु । उनीहरुको नकारात्मक टिप्पणी र प्रचारले हामीलाई नकारात्मक प्रभाव पार्ने भन्ने प्रश्न आउँदैन । बरु जुन शैली र ढङ्गले उनीहरुले अभिव्यक्ति दिने गरेका छन्, त्यसले उनीहरुको बचकनापन र न्यून राजनीतिक संस्कारलाई नै प्रष्ट पार्दछ ।

***तपाईको आँखामा नेकपा (माओवादी केन्द्र) के हो ?***

हाम्रो पार्टीको संयुक्त एकता अधिवेशनको दस्तावेजमा एनेकपा (माओवादी) विभिन्न राजनीतिक पार्टीहरुको राजनीतिक एवम् वर्गीय चरित्रको विश्लेषण गरिएको छ । त्यो दस्तावेजमा तत्कालीन एनेकपा (माओवादी) लाई राजनीतिक रुपमा दक्षिणपन्थी नवसंशोधनवादी समूहका रुपमा स्पष्ट उल्लेख गरिएको छ । र अहिले पनि हाम्रो पार्टीको उक्त विश्लेषण कायम छ र त्यो विश्लेषण सही छ । किनभने अहिले आएर तत्कालीन एनेकपा (माओवादी) नेकपा (माओवादी केन्द्र)का रुमपा रुपान्तरण भएको भए तापनि त्यसको आधारभूत राजनीतिक चरित्रमा कुनै परिवर्तन नभएको कुरा सत्य हो । बरु माओवादी केन्द्र बनेपछि त्यसले अपनाएको साङ्गठनिक तौरतरिकालाई मध्यनजर गर्दा के देखिन्छ भने त्यो समूह एउटा राजनीतिक पार्टी र सङ्गठन भन्दा पनि पदलोलुप एवम् अवसरवादीहरुको वृहत जमघटजस्तो मात्र हुन पुगेको छ ।

***जनवादी कार्यदिशा भन्ने पार्टी र शक्तिहरुबीच सहकार्यबारे कसरी सोच्नुभएको छ ?***

हाम्रो पार्टीले वैज्ञानिक समाजवाद र साम्यवादलाई अधिकतम लक्ष्य र नयाँ जनवादी क्रान्तिलाई न्यूनतम कार्यक्रममा रुपमा अङ्गिकार गर्दछ । त्यसैगरी एउटा आमूल परिवर्तनकारी क्रान्तिकारी पार्टीले आफ्नो राजनीतिलाई दृढताका साथ पक्रने र कार्यनीतिलाई लचकताकासाथ कार्यान्वयन गर्ने कुरा स्पष्टै छ । त्यस दौरानमा क्रान्ति र परिवर्तनको आन्दोलन र सङ्घर्षलाई अगाडि बढाउनका लागि पार्टीले आफ्ना मित्रशक्ति एवम् पार्टीहरुसँग सहकार्य र कार्यगत एकतालाई अगाडि बढाउन गम्भीरतापूर्वक ध्यान दिने र पहलकदमी लिने कुरा स्वतः स्पष्ट छ । त्यसैगरेर कतिपय देश र जनताका न्यायोचित हकहितका पक्षमा सङ्घर्षरत अन्य पक्षहरुसितसमेत मुद्दागत विषयहरुमा सहकार्य र कार्यगत एकता गर्ने पार्टीको नीति हुनेछ ।

***राष्ट्रिय भेलाले आजदेखि ९ महिनाभित्रै आगामी फागुनमा राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको कुरा बाहिर आएको छ । के विषयमा केन्द्रित हुन्छ आगामी राष्ट्रिय सम्मेलन ?***

यस अगाडि उल्लेख गरे जस्तै वास्तमा पार्टीको राष्ट्रिय सम्मेलन अगामी असोजको पहिलो हप्तामा गर्ने निर्णय भएको थियो । त्यस अनुसार सबै कार्यक्रमहरु तय भैईसकेका थिए । तर पार्टीमा रहेका फुटपरस्त तत्वहरुका कारणले गर्दा असहज अवस्था सिर्जना हुन गयो । यस अगाडि तय गरिएका कार्यक्रमहरुलाई कार्यान्वयन एवं सम्पन्न गर्न सक्ने अवस्था रहेन । परिणाम स्वरुप राष्ट्रिय सम्मेलनको सट्टा राष्ट्रिय भेला गरेर पार्टी संगठनलाई चुस्त-दुरुस्त बनाउनु पर्ने टड्कारो स्थिति उपस्थित भयो । त्यसैले असोजमा सम्पन्न गर्ने भनिएको राष्ट्रिय सम्मेलनलाई फाल्गुण महिनामा सम्पन्न गर्ने गरी सारिएको छ ।

अहिले नेपाल मात्र होइन अन्तर्राष्ट्रि कम्युनिष्ट आन्दोलन मान्ने दक्षिणपन्थी संशोधनवादी तत्वहरु हावी भएका छन्, र क्रान्तिकारी कम्युनिष्ट आन्दोलन कमजोर र रक्षात्मक अवस्थामा रहेको छ । त्यसैले वर्तमान अवस्थामा समग्र कम्युनिष्ट आन्दोलनले सामना गर्नु परेको दार्शनिक, सैद्धान्तिक,राजनीतिक र संगठनिक विषयहरुमालाई सम्मृद्ध तुल्याउने कार्य नै राष्ट्रिय सम्मेलनको मुख्य कार्यभार हुनेछ । साथसाथै राष्ट्रिय सम्मेलनले पार्टीको अगामी नीति, कार्यक्रम पारित गर्नुका साथै नयाँ पार्टी र नेतृत्वको पनि चयन गर्नेछ ।

***ती विषयहरु राष्ट्रिय भेलापछिको केन्द्रीय समितिको बैठकले ठोस् गर्दैछ त ?***

राष्ट्रिय भेलामा पार्टी केन्द्रका तत्कालिक राजनीतिक एवम् साङ्गठनिक विषयवस्तुहरु समेटिएका दस्तावेजहरु प्रस्तुत भएका थिए र भेलामा उपस्थित प्रतिनिधिहरुले व्यापक छलफल पश्चात महत्वपूर्ण सुझावहरु दिनुभएको थियो । ती सुझावहरुलाई समेत समेटेर उक्त दस्तावेजहरुलाई अन्तिम रुप दिने कार्य केन्द्रीय समितिको बैठकले गरेको छ । त्यसका साथै राजनीतिक साङ्गठनिक र सङ्घर्षका कार्यक्रमहरुसमेत तय गरेको छ । उक्त कार्यहरुलाई व्यवस्थित ढङ्गले सम्पन्न गर्नका लागि केन्द्रीय समितिका सबै कमरेडहरुको जिम्मेवारी तोक्ने काम भएको छ ।

***पार्टीले नयाँ गति लिंदैछ भन्ने सुनिएको छ । कस्ताखालका होलान् त आगामी सङ्घर्षका कार्यभारहरु ?***

एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टी भएकाले हाम्रो पार्टीको राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग जोडिएका विषयहरुलाई सदैव उच्च प्राथमिकताका साथ उठाउँदै आएको र त्यसमा अग्रणी भूमिका निभाउँदै आएको छ । तसर्थ आगामी सङ्घर्षका कार्यक्रमहरु पनि देश, जनता र परिवर्तनसँग जोडिएका विषयहरुमा नै केन्द्रित हुने कुरा स्पष्टै छ । त्यसैगरी अहिले देशमा सच्चा मार्क्सवादी-लेननवादी-माओवादी सिद्धान्तहरुबाट च्यूत भएका कथित नामधारी कम्युनिस्टहरुको विगविगी रहेको छ । यो अत्यन्तै गम्भीर अवस्था हो । त्यसैले पार्टीले समग्र पार्टी पङ्क्तिलाई सच्चा क्रान्तिकारी नीति र सिद्धान्तहरुबाट प्रशिक्षित तुल्याउनका लागि व्यापक रुपमा स्कुलिङ र प्रशिक्षण चलाउनेछ । त्यसबाट समग्र क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन योगदान पुग्नेछ ।

***अन्त्यमा छुटेका केही कुराहरु ?***

अहिलेलाई पुगेजस्तो लाग्छ । तपाईको लोकप्रियप्रकाशनमार्फत् आफ्नो र पार्टीका विचार एवम् धारणा राख्ने मौका दिनुभएकोमा धन्यवाद दिन चाहन्छु र तपाईहरुको प्रगति उन्नतिको कामना गर्दछु । धन्यवाद ।

---

टिप्पणी

## आरम्भ एक आशालाग्दो महायात्राको

▶ **कमल**

क्रान्तिकारी माओवादीले यही असारको पहिलो साता आफ्नो राष्ट्रिय भेला काठमाडौंमा सफलतापूर्वक सम्पन्न गरी पत्रकार साक्षत्कार गऱ्यो । धेरैलाई लागेको थियो, यो भेला शायद सफलतापूर्वक सम्पन्न हुन गाह्रै पर्ला ? सञ्चार बजारमा यसको भाउ थिएन । बरु भाउ त विचारविहिन एकताको हावाहुरीको थियो । प्रायजसोलाई लागेको थियो क्रान्तिकारी माओवादी अब सिद्धियो । जसले विचार र झण्डाको रक्षाको कुरा गरेको थियो, त्यो नै नरहेपछि नरहेगा बाँस, नबजेगी बाँसुरी । यो कल्पनाले जनविरोधीलाई जति खुशी बनाएको थियो नै, त्यो भन्दा बढी खुशी गराएको थियो धेरै खरानी घसेका नयाँ जोगीहरुलाई !

भनिन्छ, विहानीले सिङ्गो दिनभरको शुभ सङ्केत गर्छ । असार ६ गते राष्ट्रिय सभागृहमा यसको उत्साहपूर्ण उद्घाटन भयो । हल खचाखच भरियो । रेडियो, टेलिभिजन, अनलाइन, छापा तथा सामाजिक सञ्जालमा कार्यरत पत्रकारको उल्लेख्य उपस्थिति रह्यो । प्रतिनिधि, समर्थक, शुभचिन्तक तथा आमन्त्रित सबैका माझ उत्साह छायो ।

दोस्रो दिन असार ७ गते पुरानो बानेश्वरस्थित ओमसाई पार्टी प्यालेसको हलमा बन्द सत्र सुरु भयो । पार्टी अध्यक्ष मोहन वैद्य 'किरण' बाट प्रतिवेदन प्रस्तुत भएपछि देशैभरबाट उपस्थित प्रतिनिधिहरुको समूह विभाजन भयो । छलफलमा जनवादी केन्द्रीयताको राम्रो अभ्यास गरियो । रिपोर्टिङ भयो । त्यसलाई पार्टी अध्यक्षले संश्लेषण गर्नुभयो । असार ८ गते रिपोर्टिङ पश्चात् भेलाको संश्लेषणसहित पार्टी अध्यक्षद्वारा समापन गरियो ।

भेलाबाट मुख्य चार दूरगामी महत्वका कुराहरु पारित गरेको छ । पहिलो कुरा, गम्भीर सङ्कटका बेला विचार र पार्टी नेतृत्वको पक्षमा देशभरबाट जनमत संकेन्द्रित भई भेलाले विचार र नेतृत्वको रक्षा गरेको छ । दोस्रो, पार्टी केन्द्रीय समितिको अनुमोदन र क्रान्तिकारी पार्टी निर्माण गरेको छ । यसले क्रान्तिकारी पार्टीलाई बचाएको छ । तेस्रो कुरा, देशमा विकसित र परिवर्तित वस्तुगत स्थितिअनुरुप पार्टीको आत्मगत स्थिति विकास नभइसकेको अवस्थामा अनिवार्य रुपमा विकास गरिनुपर्ने कार्यनीतिक श्रृङ्खला अन्तरगत संयुक्त मोर्चा निर्माणको नीतिगत प्रस्ताव पारित गरी आम जनतालाई गोलवन्द गर्ने मूल ढोका खोलेको छ । चोथो कुरा, रणनीतिक र दूरगामी महत्वका राजनीतिक तथा मूलतः फौजी कार्यदिशा समृद्धिका लागि स्थानीय पार्टी तथा जनस्तरमै बहसको वातावरण सिर्जना गर्दै आउँदो फागुन महिनाभित्रै राष्ट्रिय सम्मेलनको तय गरेको छ ।

यसले आम जनतामा नयाँ आशा जागृत गराएको छ भने पार्टी नेता र कार्यकर्तामा नयाँ जीवन दिएको छ । पार्टी केन्द्रबाट नयाँ जीवन पद्धतिको सुरुआत गराएको छ । आत्मालोचना र आलोचनाको स्पिरिटसहित रुपान्तरणको नयाँ आयाम सुरु गरेको छ । यसले आउँदो सम्मेलनसम्म वैचारिक तथा नीतिगत काम र त्यसपछि त्यसको व्यवहारमा कार्यान्वयनको मार्गचित्र प्रस्तुत गरेको छ । भव्य रुपमा सम्पन्न राष्ट्रिय भेलाले एक पूर्ण महायात्राको सुभारम्भ गरेको छ ।

# दक्षिणपन्थी हावाहुरी र खारिएका क्रान्तिकारीहरु



मिनकुमार राउत

नेपाली कम्युनिष्ट आन्दोलनमा २०५२ सालबाट चलेको १० वर्षे महान जनयुद्धको ऐतिहासिक, महत्वपूर्ण र विशिष्ट योगदान रहेको छ। जनयुद्धका कारण मुलुकमा मात्रात्मक रुपमा केही परिवर्तनहरु भए तर ती परिवर्तनहरु आज (उपलब्धिहरु) प्रतिक्रियावादीहरुको मुठ्ठिमा परिसकेका छन्। यसो हुनुमा तत्कालीन माओवादी जनयुद्धका मुख्य नेतृत्व जिम्मेवार छन्। उनीहरुमा आएको वैचारिक विचलनका कारण नै प्राप्त उपलब्धिमाथि प्रतिक्रियावादीहरुको रजाईं चल्न पुग्यो। त्यसैकारण २०६९ असार ४ मा माओवादी आन्दोलनभित्रको एउटा बलियो र क्रान्तिकारी हिस्साले विद्रोह गरि क्रान्ति र परिवर्तनको झण्डा उठायो। त्यो तत्कालीन हिसाबले अपरिहार्य, र वस्तुगत आवश्यकता थियो।

पार्टी विपरीतहरुको एकत्व हो। विद्रोहपछि बनेको नेकपा-माओवादीभित्र विभिन्न किसिमका प्रवृत्तिहरु हुनु र रहनु स्वभाविक थियो। अवसरवादी प्रवृत्तिहरु सुसुप्त अवस्थामा थिए। तिनीहरुमध्ये केहि घुसपैठीया तत्व पनि त्यो प्रक्रियामा छद्म रुपमा प्रवेश गरेका रहेछन् भन्ने तथ्य समयक्रममा पुष्टि भयो। अर्कोतर्फ सत्ताको स्वाद चाखिसकेको र निरन्तरतामा आफूले चाहे अनुरुपको मात्रामा सत्ता उपभोग गर्न नपाउँदाको झ्वाँक फेर्न त्यो विद्रोहमा सहभागी भएको थियो। त्यसैगरी विद्रोह गरिसकेपछि चाँडोभन्दा चाँडो सत्ता प्राप्त गरिएला र त्यसको उपभोग गर्न पाइएला भन्ने प्रवृत्ति पनि छँदैथियो। र, साथमा १० वर्षे महान जनयुद्धले हासिल गरेका उपलब्धिहरुको रक्षा गर्ने कुरा, नयाँ जनवादी क्रान्ति पुरा गर्ने लक्ष्यप्रतिको दृढता र क्रान्तिकारी आशावादले लैश दीर्घकालीन सोच र उद्देश्य बोकेर प्रवृत्तिको मुख्य बोलवाला तत्कालीन अवस्थामा थियो। समयक्रम सँगै सबै खाले प्रवृत्तिहरुले टाउको उठाउँदै गए। वाम खोलमा दक्षिणपन्थी अवसरवादले क्रान्तिकारी पार्टी निर्माण गर्न नपाउँदै पार्टीबाट बाहिरियो। भद्दा अवस्थामा देखापरेको दक्षिणपन्थी अवसरवादले पनि पछिल्लो चरणमा टाउको उठायो। त्यो टाउको प्रचण्डको टाडमुनि लगेर छिरायो। यी दुवै प्रवृत्तिहरुले पार्टीभित्र दुईलाइन संघर्ष चलाउने रुचि र तत्परता देखाएनन्। यसको अर्थ उनीहरुमा कुनै फरक विचार थिएन। आफ्ना महत्वकांक्षा र निहीत स्वार्थहरुको पूर्ति गर्ने कदम मात्र थिए। घटनाक्रमले पनि अहिले त्यही कुरालाई सावित गरेको छ, गर्दै लगेको छ।

पछिल्लो चरणमा क्रान्तिकारी माओवादीभित्र निक्कै ठूलो दक्षिणपन्थी हावाहुरी चलाउने कोशिस गरियो। यसको नेतृत्व पार्टीभित्र वादल गुटले गऱ्यो। केही घुसपैठीया तत्व र सत्ताको स्वाद चाख्न पल्केका कम्युनिष्टको खोल ओढेका दक्षिणपन्थीहरुले ठूलै हल्लाको बाढी बगाए। उनीहरुले चलाएका केहि हल्लाहरु यस्ता छन् : पहिलो, 'क्रान्तिकारी माओवादीले आजसम्म केही पनि गर्न सकेन, त्यसकारण यसमा बसिरहनुको कुनै अर्थ छैन'। यो उनीहरुको अराजनीतिक नकचरो तर्क हो। किनभने आफैं पार्टी संगठन परिचालनको, नीति निर्माणको र निर्देशन कर्ताको सर्वोच्च निकायमा बस्ने अनि त्यस्तो काइते तर्क गर्ने ? यसबाट के कुरा स्पष्ट हुन्छ भने कि त उनीहरु क्रान्ति र परिवर्तनको दीर्घकालीन रुपप्रति अनविज्ञ थिए, या उनीहरु त्यसप्रति इमान्दार थिएनन् र पद, सत्ता र स्वार्थमा चुर्लुम्म डुबेका थिए। त्यसैकारण उनीहरु, नवशंशोधनवादीहरुले थापेको पद र आश्वासनको ढडियामा फसिहाले। यसैगरि उनीहरुले अर्को तर्क यस्तो गरे, 'माओवादी एकता अहिलेको आवश्यकता'। रुपमा हेर्दा यो तर्क सकारात्मक जस्तो देखिए पनि सारतः यो तर्क फूटपरस्त, क्रान्तिकारी आन्दोलनलाई विघटन गराउने नियत र षड्यन्त्रका साथ ल्याइएको अवसरवादी तर्क हो। किनभने, माओवादी एकता र ठूलो पार्टीको आवश्यकता किन र केको लागि ? माओवादी एकता क्रान्ति र परिवर्तनको लागि अथवा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नको लागि हो कि वर्तमान प्रतिक्रियावादी सत्तामा ठूलो भागवण्डा पाउनको लागि हो ? भन्ने कुरा मूख्य विषय हो। त्यसकारण वादल गुटले गरेको कथित माओवादी एकताको तर्क त यहि प्रतिक्रियादी सत्तामा ठूलो भागवण्डा पाउनको लागि हो। नवसंशोधनवादीहरुको हिस्सा ठूलो बनाउनको लागि हो। क्रान्तिकारीहरुमा फूट पैदा गरि क्रान्तिकारी आन्दोलन विघटन गराउने हो। त्यसकारण यो तर्क भयंकर षडयन्त्रकारी र फुटपरस्त तर्क हो।

अर्को यस्तो सस्तो प्रचारबाजी र झुठो हल्ला पनि गरियो कि कथित १० माओवादीहरुबीचमा एकता भयो भनेर। यो जमघटलाई तीन गुट र सात जना व्यक्तिहरुबीचको जमघट भन्दा फरक पर्दैन। यसलाई प्रचण्डगुट, वादलगुट, मातृकागुट र बाँकी सात जना मानिसहरुमा कोहि बिमारी भएर रेष्ट गर्न बसेका, कोहि आन्दोलनबाट भागेर पार्टी बनाउन कोसिस गरेका नभएपछि थाकेर बसेका र कोहि पार्टीसँग असन्तुष्ट भएर वसेका मानिसहरुलाई जोरजाम गरेर बनाइएको जमघट टोलीलाई माओवादी एकता भन्नु जनता र दुनियाँलाई उल्लु बनाउने हाँस्यास्पद नाटक नै मान्नु पर्दछ। यसलाई एकछिनको लागि तातो हुने पिसावको न्यानो मात्र हो। यो प्रचार सेलाएपछि पुम्ने पुरानै स्थानमा हो।

यहाँ भन्न खोजिएको मुख्य कुरा के हो भने, यो हावाहुरीमा क्रान्तिकारी भनिने केहि निम्नपुँजीवादी चेतना भएका अधैर्य साथीहरु पनि गल्र्याम्गुर्लुम ढले। यो उनीहरुको गैरवाम चरित्र, निम्नपुँजीवादी अधैर्यता र शिघ्र विजयको मानसिकता थियो। यस्ता व्यक्तिहरु सानो नकारात्मक घटना देख्नेवित्तिकै निराश हुने गर्दछन् र पलायन हुने गर्दछन्। त्यसले गर्दा हामीभित्रका केहि इमान्दार क्रान्तिकारी कमरेडहरुमा पनि केही भ्रम पर्न गएको छ। हामीले के पनि बुझ्न आवश्यक छ भने, यस हावाहुरीले हामीभित्र रहेका खराब तत्व उडेर जाँदा पार्टीमा केहि शुद्धीकरण पनि भएको छ। यो नकारात्मक रुपले घटेको घटनाको प्रभावले भएको भए पनि राम्रो कुरा हो। त्यसले पार्टीलाई एक स्टेप अगाडि बढाउन मद्दत पुग्दछ।

अब भने यस हावाहुरीबाट बँचेर दृढ चट्टान झैं खडा भएर नडगमगाएका क्रान्तिकारीहरुमा ठूला-ठूला चुनौती र सम्भावनाहरु अगाडि आएर तेर्सिएका छन्। त्यसलाई चिर्न र चुम्न सक्यौं भने नेपालमा नयाँ जनवादी क्रान्ति पुरा गर्ने हाम्रो लक्ष्यमा सजिलै पुग्न सक्छौं। हामी क्रान्तिकारीहरु निराश हुनुपर्ने, हतोत्साही हुनुपर्ने र भ्रममा पर्नुपर्ने कुनै कारण छैन। कम्युनिष्ट आन्दोलनमा यस्ता किसिमका उतार-चढावहरु धेरै आउने गर्दछन्। त्यसलाई सजिलै छिचोल्नु नै हामी क्रान्तिकारीहरुको सफलता हो। यस घटनाले हामी सबै सापेक्षिक रुपमा क्रान्तिकारी भएका छौं। आशा गरौं हामी अगाडि जाने छौं।

२०७३ साल असार ६ गते शुरु भई ८ गते काठमाडौंमा सकिएको पार्टीको ऐतिहासिक राष्ट्रिय भेलाले यहि कुराको निर्क्यौल गर्दै नेपाली क्रान्तिको मौलिक कार्यदिशाको विकास गर्दै नेपाली नयाँ जनवादी क्रान्ति पुरा गर्ने प्रतिवद्धतासहित अगाडि जाने कुरा निश्चित भइसकेको छ। यसले नवसंशोधनवादी र प्रतिक्रियावादीलाई एक धक्का दिन पुगेको छ। यसलाई कसैले रोकेर रोकिने छैन।

---

◆ झर्रोटर्री — कैलुब्राह

## संघीयता हाम्रो एजेण्डा हैन : मन्त्री उखानबाहादुर

उखाने सरकारका सहकारी तथा गरिबको निवारण गर्ने उखानेमन्त्री उखानबहादुरसँग विभिन्न विषयमा झर्रोटर्रीका पत्रकार कैलुब्राहले मन्त्रीकै कार्यकक्षमा हतारहतारमा गरेको लामो अन्तरङ्ग गफगाफको सारसङ्क्षेप यहाँ पस्किएको छ। पढ्ने नपढ्ने तपाईंहरुको खुसी।

**कैलु** : *नमस्कार मन्त्रीज्यू।*

**उखानबहादुर** : मन्त्री होइन चाइन्जो उपपर्धानमन्त्री ज्यू भन्नुस्, यसरी सानो दलको हो भन्दैमा मानहानी नगर्नुस् न। तपैँले हाइस्कुल पढ्दा नेपाली विषय त भढ्नु भओ होला। नेपालीमा उपसर्ग भन्ने हुन्च। हो, पर्धानमन्त्रीमा त्यै उप भन्ने उपसर्ग लागेर उपपर्धानमन्त्री भा'को हो। यो पर्धान भन्दा माथी हो। पश्चिमा संस्कृति भित्र्याएर चाइन्जो पर्धान भन्दा तल पारेका हुन्। ऐले हामी आएसी यसलाई उल्ट्यायौं। त्यै भएर उपपर्धानमन्त्री पनि छ जना छौं। म सरकाराँ बसेर पनि संविधानको विरोध गरेर आन्दोलनको नेतृत्व गरेको देख्नु भएन। पर्धान भन्दा तल भा'को भए पाइन्थ्यो त ? के कुरा सोध्न आउनु भओ थ्यो सोधिहाल्नुस्, मलाई सरकार विरुद्ध भाषण गर्न जान ढिला भओ छ।

**कैलु** : *तपाईंको पार्टीले त सरकारलाई प्रतिक्रियावादी भन्ने गर्थ्यो, सङ्घीयताको विरोध गरिराख्नुभा'छ। फेरि सरकारमा पनि जानुभा'छ। सरकार त तपाईंहरूलाई पनि प्यारै लाग्दो रहेछ त हैन ?*

**उखानबहादुर** : एकैचोटी यतिका प्रश्न गर्नुभओ, चाइन्जो मलाई ढिला भओ छ। तैपनि उत्तर त दिनै परो। लौ सुन्नुस्। कुन् पत्रिकाको पत्रकार रे तपैँ ?

**कैलु** : *झर्रोटर्री।*

**उखानबहादुर** : हाहाहाहा ..... कस्तो नाम। ठ्याक्कै मेरै स्वभाव जस्तो पो रैछ त। लौ कुरो मिलो। अँ अघि केकेजाती सोध्नुभा'थ्यो केरे, मेरा कुरा सबै छाप्नुहोला नि, काटकुट नपार्नुहोला। चाइन्जो सरकार त अहिले पनि हामी बाहेकका त प्रतिक्रियावादी नै हुन्। जहाँसम्म हाम्रो कुरा छ, यो के भओ भने जिन्दगीभर राजनीतिमा लागियो। लाग्दा लाग्दा चाइन्जो उमेरले पनि डाँडो काटेर पिण्ड खाने बेला हुन लाओ। राजनीति नगरेरै मन्त्री खाने गरेको देशाँ राजनीतिमा लागेर पनि मन्त्री नहुँदा माथी बैकुण्ठबासाँ बास नपाइएला भन्ने चिन्ता भओ। सरकार त मेरा लागि नखाउँ भने जिन्दगीभरको शिकार, खाउँ भने कान्छाबाउको अनुहार भओ छ ऐले।

**कैलु** : *किन त्यसो भयो, अलि खुलस्त पारिदिनुहोस् न ?*

**उखानबहादुर** : अब हेर्नुस्, चाइन्जो उपपर्धानमन्त्री त भइयो तर मेरो मन्त्रालयमा बजेट नै छैन। कसरी काम गर्ने हेर्नुस् न। कति गारो भओ छ। मन्त्री भएर बिटालियो मात्रै।

**कैलु** : *किन यस्तो सहकारी र गरिबी निवारण मन्त्रालय लिनुभा'को त ?*

**उखानबहादुर** : ठूला दलदेखि भाग लाउँदै जाँदा हामीलाई यहि परो के गर्ने। त्यै भएर त मैले भनेको, नखाउँ भने जिन्दगीभरको शिकार, खाउँ भने कान्छाबाउको अनुहार। मेरो राजनीति पनि गरिब सर्वहारा वर्गको पऱ्यो, त्यै भएर मलाई यहि मन्त्रालय पारेका हुनन्।

**कैलु** : *मन्त्रालयमा बजेट नै छैन भन्नुभो, कसरी गर्नुहुन्छ त गरिबी निवारण ?*

**उखानबहादुर** : ठूला पार्टीहरूले भाग लाउँदै जाँदा हामी साना पार्टी र अझ चाइन्जो त्यसमा पनि यौटा मात्रै मन्त्री भएर नदेका हुनन् नि। हेइँका कर्मचारी सर्मचारी पाल्ने मात्रै बजेट दिए। बजेटलाई ठूला पार्टीहरूले आफ्ना बाउको सम्पत्तीझैँ बना'छन्। अब चाइन्जो के गर्नुन्च। सहकारी मन्त्रालय पनि भएकाले गाउँगाउँमा गरिबहरूलाई जम्मा पारेर सहकारी खोलेर भए पनि काम चलाउनु पर्ला।

**कैलु** : *प्रसङ्ग बदलौं, तपाईंले पहिला माओवादीका सुप्रिमोलाई 'आफ्ना केटाहरूलाई घाट छाम्न पठा'छन् पछि आफै जान्छन् सरकाराँ' भनेर भन्नुभा'थ्यो, अहिले तपाइँ पनि घाट छाम्न जानुभा' त हैन ? अर्को पटक आफ्ना माउपार्टीका जिएसलाई पठाउनका लागि ? आखिर सरकारमा जाने पर्ने रहेछ माओवादी सुप्रिमोकै पालामा गएको भए हुने थिएन र ?*

**उखानबहादुर** : आखिरमा चाइन्जो मैले भनेकै त भयो नि। पहिला घाट छाम्न गा'थे, पछि सबै गए संसद र सरकाराँ। हामीले त उतिबेलै माओवादीलाई उग्रवामपन्थी भड्काउमा लाग्या छन् है भनेर भन्याथ्यौँ। उग्रवामको नतिजा उग्र दक्षिणमा जाने हुन्च। देख्नु भएन, उनीहरू कसरी भड्किँदै भड्किँदै हिँडिरा'छन्। सरकाराँ भएको बेला पनि भड्किएरै कट्वाललाई कारबाही गरे। पशुपतिका पुजारीलाई हटाए। यो पनि भड्काउ थ्यो। हिजो युद्धका बेलाँ भारतमा बसेर मोजमस्ती गर्नी, उनीहरूलाई विन्तिभाउ हालेर शान्ति प्रकृयामा आउनी, अनि उनकै मान्छेलाई पुजारीबाट हटाउनी ? यो सबै उग्र वामपन्थी भड्काउको खेल थ्यो। अहिले पनि भड्किँदै भड्किँदै दक्षिणतिर हिँड्दा हिँड्दा समुन्द्रैमा पुग्या छन्। 'ओहो लौ फसायो है सुप्रिमोले' भनेर वैद्यजी पछि फर्किएर पुरानै ओक्तो थिच्न लाग्या छन्। डाक्टर पनि यो बाटो त हुन्न है भनेर अङ्ग्रेजी दबाइपानी गर्ने बाटो समाते। सुप्रिमोले अझै पनि धामी झाँक्रीहरूलाई लिएर समुन्द्रमा फालहाल्न खोज्या छन्। पैलापैला 'कैँ नभा'को जात्रा हाँडीगाउँमा' भन्थे ऐले कैँ नभा'को जात्रा पेरिसडाँडाँ भा'छ। हाहाहाहा। कम्निस्टको त बथ्यती गर्ने भए पन्ध्र सयको कन्द्रीय समिति बनाएर। चाइन्जो 'हग्नेलाई भन्दा देख्नेलाई लाज' भनेको यै हो। ऐले आफैलाई पनि लाज लागे होलाकेरे यो त माधिवेसन आयोजक समिति पो हो भन्दै हिँड्या छन्। थोरै भए केन्द्रीय समिति हुने अरे, धेरै भए माधिवेशन समिति हुने अरे। आफ्नो सोरेक अनुसारको व्याख्या। थोरै भए पनि धेरै भए पनि कुरो त उही त हो।

**कैलु** : *अहिले त तपाइँहरू पनि उनीहरूसँगै मिलेर सरकारमा जानुभा'छ त ?*

**उखानबहादुर** : चाइन्जो सुप्रिमो त छैनन् नि यतिखेर सरकाराँ। फेरि यो सरकार र हाम्रा बिचमा दुइटिन्टा कुरा मिल्वन्। चाइन्जो म उखानबहादुर परेँ, पर्धानमन्त्री पनि उखानप्रसाद परे। हामीले पनि सङ्घीयताको विरोध गऱ्याछौँ, उखानप्रसादले पनि पहिला सङ्घीयताको विरोध गरेकै हुन्। उनले पनि

... बाँकी ७ पेजमा

---

## हजारीलाल : 'सेहा' र 'खुफा' बीच फालाफाल

क्षिद्रान्वेषी

माओवादी केन्द्र निर्माण भएको डेढ महिना बित्न नपाउँदै त्यसभित्र भाँडभैलोको बिजारोपण सुरु भएको छ। मिसिन जाँदा पेरिस डाँडा 'नलगिएका' र कार्यालयसमेत् 'नचिनाइएका' एकातिर छन्। कार्यालय 'चिनाउन' र 'भित्र्याउन' नचाहनेहरु अर्कोतिर। यसरी बाँडिन पुगेका छन् त्यहाँका नेता/कार्यकर्ताहरु दुई भिन्न कित्तामा। भेट हुँदा पनि एकआपसमा राम्ररी बोल्न रुचाउदैनन्। पूर्व एकीकृतमा रहेकाहरु आदिवासी रैथाने ठहरिन्छन् भने मिसिन गएकाहरु आप्रवासीमा दर्ज भएका छन्।

ती दुई कित्ता एकले अर्कालाई निकै तिरस्कारपूर्ण व्यवहार गर्दछन्। मनको तीतो पोख्न एकअर्काबाट छुट्टिने बित्तिकै कोड भाषा प्रयोग गर्न पनि पछि पर्दैनन्। तर अचम्मको कुरा त के छ भने त्यो कोड भाषा एक-अर्काले सजिलै बुझ्दछन्। त्यहाँका आदिवासी रैथानेहरुलाई आप्रवासीहरु 'सेताहात्ती' अर्थात् 'सेहा' भन्ने गर्दछन् भने आप्रवासीहरु 'खुराफाती' अर्थात् 'खुफा' को सङ्ज्ञाबाट विभूषित छन्।

'एउटै पार्टीमा भएर पनि किन यसो त ?' भन्ने प्रश्न भूइँमा खस्न नपाउँदै जुनसुकै कित्ताका भए पनि मुसुक्क मुस्कुराउँदै प्याच्च बोलिहाल्छन्- 'जस्तालाई तस्तै'।

कम्युनिष्ट आन्दोलनमा उसै त पूर्वाग्रहको खेती, भन् त्यसमा भागै खोस्न गएपछि 'जहाँ कङ्गाल, त्यहाँ चण्डाल' को उखान चरितार्थ हुन पुगेको छ। विचारको रक्षा र एकअर्काको आत्मसम्मानको कुरा डाँडा पारिको देखाली हुन पुगेको देखिन्छ। त्यहाँ खाली पद र प्रतिष्ठाको लडाइँ हुन थाले पछि यस्तो देखिनु स्वभाविकै पनि हो। तर '... लाई भन्दा देख्नेलाई लाज' भयो भने सबैलाई अप्ठेरो लाग्नु स्वभाविकै हुँदो रहेछ।

सबै त्यागेर खानकै लागि गएपछि खानेले खाएको खायै, हेर्नेले हेरेको हेऱ्यै पनि त्यति शोभायमान नहोला। तर रैथाने आदिवासी सेहा भने उल्टै प्रतिप्रश्न गर्छन्- 'जुनबेला सबै मिलेको भए सबैले खान पाइन्थ्यो, त्यो बेला जुरो ढल्काउँदै पुच्छर उचालेर 'नवसंशोधनवादी' विरुद्ध विद्रोह गर्न ठिक्क भो। अहिले छेवैमा बस्न आएर न्याल काढ्नुको कुनै अर्थ छ र ?'

कुरा ठीकै पनि हो। हुस्सु त हुस्सु, मासुभरि अर्कालाई हाड मात्र चुस्छु। सेतै कपाल फुलेकाहरुको बुद्धि पनि कति केटाकेटी ? आप्रवासी खुफाहरु पनि कम छैनन्, ओठे जवाफमा। आफै त माओवादी, त्यसमा पनि 'खुराफाती' को सङ्ज्ञा पाएका। भन्छन्- 'एकता गर्ने भनेर फकाइफकाई ल्याउने, चिमोटी चिमोटी मार्न पाइन्छ ? गुहाछौं मानवअधिकारवादी ! कार्की पार्टी प्यालेसमा चौरासी व्यञ्जन खुवाएका होइनन् एकता गर्दा ? नौलो हुँदा नौपुला घाँस, अहिले भने थात न बास ?'

कुरो सुनाउन पाएको छैन, रैथाने सेहा थप्छन्- 'अष्ट्रेलियामा हाम्रा अध्यक्षलाई समाउन लगाउने योजना यिनीहरुकै हुनुपर्छ। कुरो त भित्रबाटै चुहिएको रहेछ। अध्यक्षलाई 'रअ'को मान्छे भन्ये, यिनीहरु 'सीआईए'का भएर घुसिसकेछन्।'

'गलत, गलत।' आप्रवासी खुफा एउटा कुरा पनि स्वीकार गर्दैनन्। उल्टै भन्छन्- 'हामी प्रचण्डसँग मिलेर नारायण काजीलाई लखेट्न आ'को पो त। प्रचण्ड-बादल मिले भनेर वैद्यले बादललाई 'मिलेरौंवादी' भनेको सुन्नुभा'को छैन ?'

रैथाने सेहाको पारो चढेपछि प्याच्चै बोले- 'रअ र सिआईए मिलेरौंवादी हुन् र ?'

# अमेरिकी राष्ट्रपतिको चुनावबारे डा.ख्वाजाको विश्लेषण



धर्मेन्द्र कर्ण

*“विश्व मेरो देश हो, सबै मानवजाति मेरा भाईबन्धु हुन्, र असल गर्नु मेरो धर्म हो”-थोमस पाइन*

अधिकांश अमेरिकीहरू गैरजिम्मेवार हत्या, दमन र बिना प्रमाण हिरासतमा राख्ने जस्ता कार्यसँग समग्र विश्वमा संलग्न छन्। यस विषयसँग अमेरिकीहरू जस्तो कुनै जनसमुदाय इतिहासमा अनविज्ञ रहेको छैन । विश्वलाई विपत्लाई पन्छाउन बुद्धिमता र नेतृत्वको आवश्यकता छ तर अमेरिकाले न बुद्धिमता न त नेतृत्व नै उपलब्ध गराउन सक्छ । अमेरिका एक भूमि गुमाएको देश हो, जहाँ परमाणु हातहतियारहरू तिनका हातमा छन्, जसलाई उनीहरूको आफ्नो शक्तिको मात्र चिन्ता छ । वासिंटन समग्र विश्वको शत्रु छ, जसले यो धर्तीका दुष्टहरूको ठूलो हिस्सालाई राखेको छ। कहाँ यो दुष्टको विरूद्धमा असलको उदय हुनेवाला छ ? (पाउल क्रेग रोबटर्स,ले “ट्रुथ इज ओफेन्सिभ” भन्ने शीर्षकमा पाउलक्रेगरोबटर्स डट ओआरजीमा उल्लेख गरेका छन्)

माथि उल्लेखित विषय डा.महबुब ए ख्वाजाले “रोबोटिक राजनीति वैश्विक शान्ति र सुरक्षाका लागि खतरा” ( रोबटिक पोलिटिक्स इज मेनस टु ग्लोबल पिस एन्ड सेक्युरिटी) शीर्षकको आलेख शुरू गर्नु अघि उल्लेख गरेका छन् । डा. ख्वाजाले प्रश्न तेर्स्याउँदै अगाडि बढछन्, “अमेरिकामा राष्ट्रपति पदको निर्वाचन अभियान पूर्णतवरले चलिरहेका बेला के आम अमेरिकीहरूले आफूहरू कारण बिनाको कालो युगबाट अँध्यारोमा पारिएको थाहा पाउँछन् ?” अमेरिकी राष्ट्रपति पदका उम्मेदवारहरूमा उनीहरूले सफलता कल्पना गर्न विद्वतामाथि शक्तिको प्रयोग गरिरहन नैतिकता एवं बौद्धिकता र क्षमताको अभाव रहिरहेको बताउँछन्। धनले निर्वाचनहरूमा भिन्नता दर्साउँछ तर शान्तपूर्ण अमेरिका बनाउने कल्पनाशीलतमा दर्साउँदैन्। यस सन्दर्भमा बर्न साउन्डर्स ख्वाजाले एक अपवाद भनेका छन् । उनी भन्छन्, “ हिलारी क्लिन्टन र डोनाल्ड ट्रम्पसँग कुनै नयाँ अमेरिकाका लागि कुनै विवेकशील प्रस्थापना छैन् -सबै उस्तै छन् ।” अ स्टडी अफ हिस्ट्रीमा अर्नोल्ड टोयन्बी लेख्छन् -“ कोमल देशहरूले कोमल मानिसहरू जन्माउँछन् ”। यसको विपरीत शीतयुद्धको अन्त्यदेखि, अमेरिका र पश्चिमी युरोपले कुनै नेता प्रस्तुत गरेका छैनन् जसले लोकतान्त्रिक देशहरूले शान्ति एवं वैश्विक सहिष्णुताका नेताहरू जन्माउँछ त्यसको दाबी गरोस् । आम जनसमुदायले वैश्विक शान्ति र समझदारीको दीगो भविष्यको कल्पनामा खुशी हुने सोचाइ राख्छन् । इतिहासका पाठहरूलाई अनदेखा गर्न सकिँदैन चाहे कुनै निर्वाचन अभियानमा प्रतिभाशाली एवं चुस्तचलाख नेताहरूले आफ्ना विषयहरू(एजेन्डा)मा कसरी आफूलाई प्रस्तुत गर्छन् त्यसको अर्थ रहँदैन् । सबै समकालीन नेताहरू आ-आफ्ना विचार एवं आदर्शका बन्दीहरू छन् । अझ भन्नु पर्दा राजनीतिक सफलताको कल्पना गर्न उनीहरू आ-आफ्ना धेरै दाम दिएर राखेका वैतनिक सल्लाहकारहरूका शब्द र कार्यहरूद्वारा निर्देशित छन् । रेकर्डहरू दर्साउँछन् कि जर्ज डब्लु बुस, ओबामा र टोनी ब्लेयर एवं डेभिड क्यामरून सबैसँग यस्ता वैतनिक रणनीतिक सल्लाहकारहरू रहेका थिए जसको काम गम्भीर खालको विषयहरूमा जनताको ध्यान तान्न योजना कोर्नु र आम जनताको सदभाव खोज्नु रहेको थियो र यथार्थ बाहिर भ्रम सिर्जना गर्नु एवं निर्वाचन अभियानहरूलाई सफल बनाउनु रहेको थियो । रोबोटहरूमा कार्यक्रम तयार पारिएको हुन्छ जसले अपेक्षा अनुरूपको काम गर्छ । के २१औं शताब्दीका राजनीतिज्ञहरूमा कुनै फरक छ ? । उत्तर अमेरिका र विश्वभर, मानवजाति चिन्तित छ कि कतै अमेरिकी राष्ट्रपति पदका उम्मेदावरहरूले भविष्यको अपेक्षाभन्दा फरक त गर्ने छैनन् । नेतृत्वले नयाँ दृष्टिकोणहरू, नयाँ आदर्शहरूको परिकल्पना आम जनसमुदायको असलहितका लागि नयाँ क्षितिजहरू व्याख्या गर्छन् र राम्रोभन्दा राम्रो भविष्यका लागि परिवर्तनको वाचा गर्छन् ।

### शान्ति व्यवस्थाको खोजमा वैश्विक मानवजाति

विश्वव्यापी प्रतिष्ठान, सैनिकीकरण र शासनलाई व्यवस्थित गरिरहन केही धनाढ्यहरूको प्रणालीगत कठोर एवं हठले दमित एवं उत्पीडित विश्वव्यापी मानवजाति परिवर्तन र प्रगतिशील भविष्य बनाइरहनका लागि आफ्नो खोजमा छन् । मानवजाति निरन्तर केही पश्चिमा युद्ध सरदारहरूको क्यान्सरजस्तो घमण्ड एवं क्रुरताद्वारा दमित उत्पीडित भइरहन्छ। अन्यायपूर्ण कुनै निर्दोष मानवको हत्या गरिरहनु भनेको समग्र मानवजातिको हत्या हुन्छ । विश्वव्यापी युद्ध सरदारहरू क्रुरता पूर्ण विचारको प्रतिनिधित्व गर्छन्, जुन विचार जीवन्त सिद्धान्तको मानव पक्षलाई हेर्न अक्षम हुन्छ । विश्वव्यापी परिदृश्यमा आतंकवादको नाममा पटक पटक थोपरिने युद्धको पागलपन र यसले निम्त्याएको बहुलटठीपनाले कुनै सीमा बुझ्दैन् । पशुहरू आफ्नो जाति र प्रजातिको आमसंहार गर्दैनन् न त उनीहरूले युद्ध पीडितहरूका लागि बलत्कार शिविरहरू खडा गर्छन् तर मानवजाति विरूद्ध पश्चिमा नेतृत्वमा गरिएका युद्धहरूमा यस्तो गरिएका छन् र निरन्तर यस्तो भइरहेका छन् ।

निर्दोष आम नागरिकहरूको यातना र आमसंहारलाई सुविधा अनुसार मनोरञ्जक खेलको रूपमा “सुरक्षा क्षति” (कोलाटरल डयामज) र कुनै तथ्यांकको रूपमा परिभाषित गरिन्छ । सम्भवतः उनीहरूले मानव जातिलाई अंकहरू र संख्याहरूको रूपमा हेर्छन् न कि परिवर्तन एवं विकासका लागि सामाजिक, नैतिक, धार्मिक र बौद्धिक मूल्य एवं प्रगतिशील एजेन्डाको रूपमा बुझ्छन् । हरेक शुरूवातमा उसको अन्त्य हुन्छ । सर्वाधिक शक्तिशाली राष्ट्रहरूले जीवन्त इतिहासबाट यो पाठ सिक्न असफल भएका छन् ।

अमेरिका विश्वव्यापी शान्ति र सुरक्षाको विस्तार गर्न सक्ने क्षमताको संकटमा छ । जर्ज डब्लु बुसको अनुशरण राष्ट्रपति ओबामाले अमेरिकालाई आतंकवाद विरूद्धको बकवास युद्धका भूमरीमा फँसाउन गरे । (रिचार्ड फकको द डिकलाइनिंग वर्ल्ड अर्डरः अमेरिकास इमपेरियल जियोपोलिटिक्स २०१३ मा उल्लेख छ । फक ४० वर्षदेखि प्रिन्सटन युनिभर्सिटीका विश्वव्यापी मामिलासम्बन्धी विषयका ख्यातिप्राप्त विद्वान हुन् । )

जीवन विज्ञान (लाइफ साइन्स)का वरिष्ठ लेखक टिया घोषले विश्वलाई समाप्त गर्न सक्ने गम्भीर विषयहरूको व्याख्या गर्छन्, जसमा विश्वव्यापी गर्मी, परमाणु युद्ध, र रोबोट लगायतका विषयलाई खतराको रूपमा प्रस्तुत गरेका छन् । अचम्म छ यस्ता विषयमा समकालीन राजनीतिज्ञहरू यस्ता महत्चपूर्ण विषयमा उत्तर अमेरिका र विश्वभरिका लागि छलफल गर्दैनन् । जब कि यस्ता विपतहरूले धर्तीका सबैलाई हरेक ठाउँमा असर गर्नेछ । सवालको सामना गरिनुपर्छ के हामी मानवजाति आफूले आफैलाई आफ्नै अविष्कार र भ्रमहरूबाट नस्ट गर्नुपर्छ ?

निरन्तर आरोप लगाउने खेलको संस्कृति पूर्ण ताकतका साथ खेलिन्छ । ओबामाले पुटिनलाई युक्रेनको संकटका लागि र सिरियामा रक्तपात मच्याउनका लागि दोष लगाउँछन् । हाल अमेरिका इराक युद्धको घाउबाट अभूतपूर्व अधोगतितर्फ गइरहेको छ । उसको सरकारी ऋण बढी रहेको छ । अमेरिकाको ऋणत्मक चालुखाता सन्तुलन र अन्तर्राष्ट्रिय आर्थिक कमजोरीका कारण कमजोर भइरहेको छ । अमेरिकालाई सर्वोच्च शक्तिमा रहन चुनौती भइरहेको छ । वर्तमान अवस्थाको प्रवृति निरन्तर रहे अमेरिकी वर्चस्वको अन्त्य देखिनेछ ।

### भविष्य कुनै नयाँ हुनैपर्छ न कि विगतको पुनरावृत्ति ।

“मानिसहरू सामान्यरूपमा युद्धलाई मूर्ख एवं बेकार र बद्मास वस्तुको रूपमा लिँदैनन् । समय समयमा उनीहरू सोच्छन् -युद्ध खराब मानिसको काम होइन यो आवश्यक बुद्धिमानी र सम्मानित काम हो र युद्ध गर्दा गलत भइदैन ।

विश्वव्यापी सुरक्षा, शान्तिका विशेषज्ञ डा. महबुक ए ख्वाजाले विश्वको शान्तिका लागि उठाएको विषयवस्तु गम्भीर खालका छन् । उनले विश्वका शक्तिशाली राष्टका नेताहरुले कार्यकारी पदको चुनाव जसरी पनि जित्ने र पुरानै प्रणालीका आधारमा पुरानै सत्ताको सवलताका लागि कार्य गर्ने सोचमा रहेको दर्शाएका छन् । उनले विश्वको शान्ति र सुरक्षाका लागि ती विश्वका नेताहरूमा परिवर्तनको सोच बनाउनुपर्ने आवश्यकतामाथि जोड दिएका छन् । तर त्यसको विकल्पका बारेमा प्रस्ट मार्ग चित्रबारे वैचारिक मार्ग खुलाएका छैन् । उनले स्यान्डर्ससँग परिवर्तन गर्न सक्ने दृष्टिकोण हुन सक्ने संकेत गरेका छन् । त्यो यो वा त्यो रूपमा स्यान्डर्सको समाजवादी दृष्टिकोणप्रतिको झुकावले यसो भनेको हुन सक्ने देखिन्छ । उनले अर्कोतर्फ संकेत गरेका छन् त्यो के भने जसको उदय हुन्छ त्यसको अस्त स्वाभाविक हो । यसलाई अझ गहिरो गरी बुझ्ने हो र त्यसमा वर्गीय दृष्टिकोणको बुझाईलाई समावेश गर्ने हो भने विद्यमान युगको परिवर्तित भविष्यका लागि अर्को कुनै बाटो हुन सक्दैन । त्यो मार्क्सवादी विचार हुन्छ । जुन विचारको वर्तमान विस्तार र विकास लेनिनवाद र माओवादसम्म विचार हुन पुग्छ । पुरानो सत्ताको विकल्पको खोजीमा जब संघर्ष घनीभूत हुन्छ तब स्थिति युद्धस्तरमा पुग्न सक्छ र पुग्दछ । यसका लागि जनताको पक्षमा जनताको युद्धलाई सुनिश्चित गर्न बलको आवश्यकता सत्य हुन्छ । त्यसका लागि जनताको आफ्नो सैन्य शक्ति निर्माण गर्नु आवश्यक हुन्छ । विचारबाट सुसज्जित पार्टीले सम्भावित युद्धमा मजदुर-किसानसहित सर्वहाराहरूको हितमा विजय हासिल गर्न सैन्यशक्तिको निर्माण गर्नुपर्छ । अन्यायपूर्ण सैन्यीकरणका लागि नभइ नयाँ भविष्यको निर्माणका लागि हुनुपर्छ, युद्धहरू निर्माण गर्नका लागि नभइ समग्र युद्धको समाप्तिका लागि हुनु न्यायपूर्ण युद्धको तयारी नै वर्गहीन समाजको निर्माणका लागि गरिने युद्ध हुन्छ, जसका लागि कम्युनिस्टहरूले जनतालाई संगठित गर्ने गर्छन् । डा.ख्वाजाले सो आलेखमा यसलाई प्रस्ट नपारेको भएपनि विश्व शान्ति र सुरक्षाका लागि खतरा पैदा भएको बताएका छन् । जसको समाधान अमेरिकाको राष्ट्रपति पदका उम्मेदवार हरूको अग्रपंक्तिमा रहेका डोनाल्ड ट्रम्पलाई विश्वका लागि सर्वाधिक खतराको रूपमा अनुसन्धानकर्ताहरूले प्रस्तुत गरिसकेका छन् । क्लिन्टन बिल क्लिन्टन र ओबमाको पुनरावृत्ति बाहेक अन्य केही हुँदैन । विश्वको शान्ति र सुरक्षाका लागि रोबोटिक संस्कृति र रोबोटिक प्रविधिबाट निर्माण भविष्यको भीषण भिडन्तलाई रोक्नुपर्ने दायित्व अरू कसैको नभइ शक्तिशाली देशहरूका जनताले नयाँ विद्रोहको अगुवाइ गर्नुपर्ने आवश्यकता बोध गर्नुपर्छ र त्यसलाई आड दिन तेस्रो दुनियाँका श्रमिकहरूको एकतालाई बेवास्ता गर्न सकिन्न ।

कारण डा. ख्वाजले भने जस्तै “भविष्य कुनै नयाँ हुनैपर्छ न कि विगतको पुनरावृत्ति ।”

# विश्वभरि बढ्दैछ आइएसको आतंकवादी आक्रमण

**न्यूज एजेन्सी ।** आइएसद्वारा गरिएको पछिल्लो आक्रमणमा कम्तिमा ७९ जना मृत्यु भएको र १३० भन्दा बढी घाइते भएका छन् । बग्दादकै उत्तरी क्षेत्रमा ठूलो बम विष्फोटन गराएपनि त्यसको क्षतिको विवरण भने प्राप्त नभइसकेको न्यूज एजेन्सीहरुले बताएका छन् । लामो समयदेखि आइएसले नियन्त्रणमा लिएको फलुजा शहरलाई इराकी सुरक्षा फौजले गतसाता आफ्नो नियन्त्रणमा लिएपछि आइएस यस्तो खाले जहाँतही आक्रमणमा उत्रिएको छ । आईएसको आक्रमण विश्वभरीका देशका लागि ठूलो चुनौती बनेको छ । अन्तर ाष्ट्रिय स्तरमा जसले भयानक आक्रमणहरु गर्दै आएको छ । पछिल्ला केही दिनमा लगातार अफगानिस्तानको काबुल, तुर्कीको इस्तांबुल, बंगलादेशको ढाकामा श्रृङ्खलाबद्ध आक्रमण गरिएका छन् । अफगानिस्तानको काबुलमा भएको दुईपटकको आतंकवादी आक्रमणमा १३ नेपालीसहित करिब ४५ जनाको ज्यान गएको छ भने सैयौं घाइते भएका छन् । त्यसको केही दिनमै तुर्कीको प्रमुख सहर इस्तांबुलमा रहेको एअरपोर्टमा गरिएको आक्रमणमा ४१ जना मारिए । यता वंगलादेशको राजधानी ढाकामा भएको आक्रमणमा परी १६ विदेशीसहित २० जनाले ज्यान गुमाउनु पऱ्यो । बंगलादेशको सेनाका प्रवक्ताले बताएअनुसार आइएसआइएस लडाकूहरुले बन्धक बनाइएका अधिकांशलाई धारिलो हतियारले रेटेर बिभत्स तरिकाले हत्या गरेका थिए । जवाफी कारबाहीमा ६ आतंकवादी मारिएको र एक जनालाई जिउँदै पक्राउ गरिएको थियो ।

एशियामा आइएस ः ढाका आक्रमणको क्रूरता

आइएसले पछिल्लोपटक आफ्नो आक्रमणलाई एशियामा पनि केन्द्रित गर्न थालेको छ । यही शुक्रबार राती बंगलादेशको ढाकाको अत्यन्तै सुरक्षित मानिएको गुलसन इलाकामा रहेको होले आर्टिसन क्याफेलाई कब्जामा लिएर आतंकवादीले ९ जना इटालियन, ७ जना जापानी, ३ जना बंगलादेशी र एक जना भारतीयको हत्या गरे । सो क्याफेमा शुक्रबार राति आतंकवादी प्रवेश गरी दर्जनौंलाई कब्जामा लिएका थिए । कब्जामा लिइएकामध्ये गैरमुस्लिम नागरिकहरुको क्रूरतापूर्वक हत्या गरिएको हो । बंगलादेशको डेलीस्टारले आतंकवादीको कब्जाबाट मुक्त भएका एक बंगलादेशी नागरिकलाई उदृत गर्दै कुरान पढ्न नजान्नेलाई क्रुरतापूर्वक यातना दिएर हत्या गरेको जनाएको छ । ‘आतंकवादीहरूले कब्जामा परेका बंगलादेशीलाई भने कुनै नराम्रो व्यवहार गरेनन्’, उनले भनेका छन्, ‘बरु क्याफेमा नै रात्रिभोजको व्यवस्था गरे ।’

होले आर्टिसन क्याफेलाई आतंकवादीले कब्जामा लिएको करिब १२ घन्टापछि सुरक्षाकर्मीले गरेको जवाफी कारबाहीमा ६ जना आक्रमणकारी मारिएका छन् भने एकजनालाई जीवितै पक्राउ गरिएको बंगलादेश सरकारका प्रवक्ताले जानकारी दिएका छन् । आक्रमणको चरमपन्थी इस्लामी आतंकवादी संगठन आईएसले जिम्मा लिएको छ । इटालीका प्रधानमन्त्री माटियो रेन्जीले आक्रमणमा आफ्ना नागरिक पनि मारिएको पुष्टि गरेका छन् । गार्मेन्ट उद्योगमा काम गर्ने करिब १० जना इटालियन नागरिक बन्धक बनाएको त्यहाँको समाचार एजेन्सीले जनाएको छ । जापानका डेपुटी चिफ क्याबिनेट सेक्रेटरी कोइची हागिउदाले ७ जना जापानी नागरिक क्याफेमा परे पनि हताहतीको विषयमा प्रष्ट भइनसकेको जनाएका छन् ।

बंगलादेशको सेनाले आक्रमणमा परी मारिनेहरू विदेशी नागरिक रहेको जनाएको छ । मारिनेमा सबैभन्दा बढी इटाली र जापानी नागरिक रहेका छन् भने एक भारतीय महिला समेत रहेकी छन् । सैन्य अभियानका महानिर्देशक ब्रिगेडियर जनरल नइम असफाक चौधरीले सुरक्षाकर्मीको साझा अभियान सुरु हुनुअघि नै आतंकवादीहरूले २० बन्धकको निर्मम हत्या गरेको र मारिनेमा अधिकांशको घाँटी रेटिएको अवस्थामा पाइएको जनाएका छन् । सुरक्षाकर्मीले चलाएको अभियानको १३ मिनेटमा ६ आतंकवादी मारिएका थिए । प्रधानमन्त्री शेख हसिनाले बन्धकलाई उद्दार गर्न अभियान सञ्चालनका लागि सेनालाई निर्देशन दिएपछि ‘अपरेसन थन्डरबोल्ट’ सुरु भएको थियो । शुक्रबार राति अबेर सुरु भएको आतंकवादी आक्रमणका क्रममा दुई वरिष्ठ प्रहरी अधिकारीसमेत मारिएका थिए भने अन्य ३० जना घाइते भएका छन् । चौधरीले होले आर्टिजन बेकरी क्याफे परिसरमा खोजीका क्रममा यी विदेशी नागरिकका शव भेटिएको र शवलाई पोस्टमार्टम र पहिचानका लागि अस्पतालमा पठाइएको जनाएका छन् । घटनापछि प्रधानमन्त्री शेख हसिनाले बंगलादेशबाट आतंकवादी र हिंस्रक चरमपन्थीहरुको अन्त्यका लागि सबै उपाय अबलम्बन गर्ने बताएकी छन् । हसिनाले आफ्नो टेलिभिजन सम्बोधनका क्रममा भनेकी छन, ‘यो अत्यन्तै भयावह कृत्य हो । यी कुन प्रकारका मुसलमान हुन्, उनीहरुको कुनै धर्म छैन’ हसिनासँग सेनाका प्रमुख अबू बिलाल मुहम्मद शफिउल हक समेत उपस्थित भएका थिए । आईएसको गतिविधिमाथि अनलाइन निगरानी राख्दै आएको अमेरिकाको एसआईटीई गुप्तचर समूहले आईएसले हमलाको करिब चार घन्टापछि आफ्नो समाचार एजेन्सी अमाकबाट यसको जिम्मेवारी लिएको जनाएको छ । आईएसले आफ्नो वेबसाइटमा क्याफे र हत्यापछि शबका केही तस्वीरहरु समेत सार्वजनिक गरेको छ । होले आर्टिसन क्याफेमा करिब ९ जना आतंकवादी ‘अल्लाह अकबर’ को नारा लगाउँदै छिरेर शुक्रबार राति स्थानीय समयअनुसार करिब ९ बजेर २० मिनेटमा अन्धाधुन्ध गोलाबारी सुरु गरेका थिए । बंगलादेशको निकै सुरक्षित मानिने यो रेष्टुरेन्टमा राजनीतिक नेताहरुका साथै विदेशी नागरिकहरुको बाक्लो जमघट हुने गरेको थियो ।

मुस्लिम बहुल बंगलादेशमा पछिल्ला केही महिनादेखि धार्मिक अल्पसंख्यक तथा धर्मनिरपेक्षवादी ब्लगर हरुमाथि आक्रमण हुँदै आएको थियो । सातखिरा जिल्लामा शनिबारमात्रै एक पुजारीमाथि छुरा प्रहार गरी गम्भीर घाइते बनाइएको छ भने शुक्रबार एक हिन्दु पुजारीको हत्या भएको थियो । दुई दिनमा मात्रै एक हिन्दु र एक बौद्ध धर्मावलम्बीको हत्या भएको छ । गत जुनमा सरकारले करिब ९ सयजना धार्मिक अतिवादीलाई यस प्रकारका हिंसामा संलग्न भएको आरोपमा पक्राउ गरिएको थियो । इस्लामी कट्टरपन्थीले अल्पसंख्यकमा आक्रमणलाई तीव्र बनाइरहेका बेला इस्लामिक स्टेटले समेत बंगलादेशलाई निशाना बनाएको हो ।

# त्रासदीको सौन्दर्यगाथा

'हजार चौरासीकी आमा' उपन्यास भारतीय स्वतन्त्रता पश्चात जन्मिएको एक विद्रोही युवाको साहसिक बलिदान, आमाको त्रासदी र समाजवोधको कथा हो। सरल जिन्दगी आफ्नो कार्यालय नियमित चलोस्, खतराले भरिपूर्ण फोनहरु नआउन्, हाकिमको चाकरी र चाप्लुसीमा पैसा र पद प्राप्त होस, सम्भ्रान्तता भरिएको परिवार होस्का विरुद्ध जोखिमपूर्ण जिन्दगी जहाँ आमाको प्रश्नलाई मुस्कानले छेक्नु परोस्, आयातित व्रान्ड होइन आफ्नै उत्पादनमा सजिदा खुशी होस्, गोली चुम्दै गाउँका भित्ताहरुमा नयाँ जीवनका नाराहरु लेख्नु पर्ने कर्म रोजेको युवाको उत्सर्ग कथा हो । त्यो सन १९७० तिरको भारतीय नक्सलवाडी आन्दोलनको प्रतिनिधि चरित्र हो, जुन नेपाली जनयुद्धसँग तादम्यता राख्छ। उपन्यासमा मुक्ति दशकको त्रासदी भोग्ने सुजाता आमैहरु नेपालमा प्रत्येक गाउँहरुमा छन् । त्यसैले यो उपन्यासलाई नेपाली वर्गयुद्धको आँखीझ्यालबाट हेर्दै मुख्य पात्रहको सामाजिकीकण गर्नु उत्तम हुनेछ।

व्रतीको जन्मको स्वप्निल कथाबाट नै उपन्यासको प्रारम्भ हुन्छ । व्रतीको जन्म, स्वभाव, पारिवारिक सांस्कारिक विद्रोह, बलिदान र उसको मृत्युलाई हेर्ने पृथक दृष्टिकोणहरु शब्दचित्रात्मक शैलीमा वर्णित छन् । व्रतीसँगसँगै मूलतः पाँच थरी पात्रहरु जोडिएर आएका छन् । पहिलो व्रति र उत्सर्गका सहयात्रीहरु, दोस्रो आमाहरु, तेस्रो दिव्यनाथका पारिवारिक सदस्यहरु , चौथो नन्दिनी र पाँचौ साथीमार्फत् जोडिएका अनिद्य र सरोजपालहरु । चार अध्यायमा संरचित उपन्यासमा व्रतिको सत्कार्य र मृत्युसम्बन्धी पारिवारिक विभाजन, समाज चेतना र जीवनदृष्टिकोण अभिलिखित छ।

### व्रती अर्थात् त्रासदीको कथाकार

व्रति सम्भ्रान्ततालाई होइन रोटीलाई प्रेम गर्छ । सुखसयललाई होइन जोखिमलाई प्रेम गर्छ र ऊ देश विदेशका उच्च शिक्षाका अवसरहरुलाई होइन गाउँलाई जागृत गर्न उद्यत हुन्छ। रंगीन पाटीहरुमा होइन अँधेरी रातमा नारा लेख्छ। सहयोद्धाहरुको जीवनको प्रवाह गर्छ र मृत्युलाई सवैभन्दा पहिले हाँक दिन्छ। व्रतिको मृत्युले दिव्यनाथको परिवारमा दुईटा वर्ग दृष्टिकोणहरु देखा पर्छन् । एउटा व्रतिको नामोनिशान मेट्ने दिव्यनाथहरु र अर्कोमा सुजाता आमै । व्रतिको क्रियाकलापलाई दिव्यनाथले खाद्यान्न, बेवी फूड र औषधीहरुमा मिसावट गर्ने हत्याराहरुभन्दा अपराधिक ठोनेको थियो किनकी व्रतिले नाफाखोर, स्वार्थीहरु, कुहिना टेकेर घ्रसिनेहरु, हल्लामा विचार फेर्नेहरु र सुविधाभोगी कलाकार, वुद्धिजीवीहरुलाई विश्वास गर्दैनथियो । ऊ शहर होइन गाउँ पसेको जागरणकर्ता थियो। सत्यवोधक थियो। आफ्नो बाबुको चरित्रहीन कुकृत्यविरोधी थियो । मानिसलाई पैसा उत्पादन गर्ने मेसिनमा फेर्ने क्रियाको विरोधी थियो। त्यसैले परिवारमा आमाबाहेक अरुले व्रतिको मृत्युलाई सामान्यीकरण मात्र गरेनन्, विद्रोही छोरोको बाबु भएकैले जागिरधन्दाको लास जिन्दगी चौपटको डरले रातारात पत्रिकामा नाम छापिन शक्तिधन्दा चल्छ । व्रतिका फोटोहरु र अरु सम्झनाहरु लुकाइन्छ। व्रतिको डेथ डे पनि पाटीमा रुपान्तरण हुन्छ। व्रतिलाई घृणा गर्नेहरु र प्रेम गर्नेहरुको बीच नयाँ वर्गद्वन्द्व पैदा हुन्छ।

### दिव्यनाथ अर्थात् स्वप्नहीन जिउँदो लास

दिव्यनाथ विद्रोही छोरो ब्रतीको बाबु हो । उसले जिन्दगीलाई सरल रेखामा सम्भ्रान्तताले भरिपूर्ण हुनुपर्ने ठान्दछ। श्रीमति वच्चा उत्पादन गर्ने मेसिन बनेर सांस्कारिक हाइरारकीमा बसून् । छोराहरु पढुन् र कमाउ धन्दामा लागून । अपितु व्रती हजुरआमाको भट्टीबाट जोगिदै आमाको नजिकबाट हुर्किन्छ । उसले बाबुको सुखसयललाई घृणा गर्छ र दिव्यनाथको विश्वास गुमाएको पात्रमा फेरिन्छ । जव व्रतिको मृत्यु हुन्छ, छोरो होइन कुनै कुकुर मरेझै व्यवहार गर्छ। हतार हतार पत्रिकामा नाम नछापियोस्, रातारात लास धुलिसात होस् र उसका कुनै पनि स्मृतितत्वहरु बाँकी नरहुन् भनेर यत्न गर्दछ। विद्रोहीहरुको सूचीमा पत्रिकामा नाम नछापिए पनि त्यो मृत्युप्रतिको पारिवारिक व्यवहारले सुजाता आमैलाई नयाँ प्रश्नहरुले घोच्छ। करोडौं वर्ष पुरानो आदिम विस्फोटपछि महादेशहरुको नक्सा कोरिएझैं दिव्यनाथ र सुजाता आमैको जीवनबोध पृथक हुन जान्छ।

त्यो पृथकतालाई दिव्यनाथले बुझ्दैन मात्र होइन, आफ्नो छोराको मृत्युले नरुने सुजातामाथि नै कठोरता र निकृष्टताको आरोप थोपरिदिन्छ । एउटा सम्भावनाले भरिएको सम्भ्रान्त परिवारबाट विद्रोही जन्मिनुमा सुजातामाथि दोषहरु थोपरिन्छ।

### सुजाता आमै अर्थात त्रासदीको सौन्दर्यबाचक

सुजाता वीरतापूर्ण मृत्युवरण गर्ने योद्धाकी आमा हुन्। सुजातालाई सासुआमाको कठोर वुहार्तन, दिव्यनाथको चरित्रहीन द्रव्यपिपासु व्यवहार र हरेक चीजलाई सहनुपर्ने पारिवारिक दिक्षाले मौन र शान्त तुल्याएको थियो । सम्पूर्ण परिवारमा व्रतिको पृथक व्यवहारले सुजातालाई ध्यानाकृष्ट गरेपनि व्रति कुन दर्शनले प्रेरित छ ? व्रतिको नयाँ स्वभावको रचयिता को हो ? कुनै जानकारी हुँदैन । व्रती आमाका प्रश्नहरुलाई मुस्कानले किन छेक्छ ? आफ्नै बाबु र बहिनीलाई किन घृणा गर्छ ? कुनै जानकारी थिएन। अपितु जव व्रतिको मृत्यु हुन्छ र व्रतिप्रतिको दिव्यनाथीय हर्कत र यथार्थबोधले सुजातालाई नयाँ जीवन दृष्टिकोण प्राप्त हुन्छ। ऊ समाजले सामान्य ठानेका घुस, पैसा, मनोरञ्जन, सम्भ्रान्तता, व्यभिचारलाई फरक ढंगले किन हेर्दोरहेछ ? बोध हुन्छ। काँटापुकुरमा अनुहारलाई थिलथिलो पारिएको लास नम्बर हजार चौर ासीलाई मायाले सुम्साएर राम्ररी हेर्न पनि दिइदैन।

व्रतिको मृत्युले सुजाता आमै सामु नयाँ सत्यहरु उद्घाटित हुन्छन्। घरभित्रैका चरित्रहीन द्रव्यपिचासहरुको सामान्य जिन्दगी मोहले मात्र होइन समाजमा देखिएका पृथकताहरुले बारम्बार चिमोट्छ। जव व्रतिहरु मारिन्छन्, मुम्वइका सचेत लेखकहरु बंगलादेशको कथा



राजबहादुर कुँवर

छापिरहेका हुन्छन्। आफ्नै नजिकैको निशंसतालाई चुपचाप पत्रिकाहरुले खारेज गर्छन् र विद्रोहीका दिदीवहिनीहरु जागिरका लागि अयोग्य सावित हुन्छन् । रोजी रोटिमाथि नै अघोषित प्रतिवन्ध हुन्छ। यसले सुजातालाई व्रतिको मृत्युलाई कुनै पनि हालतमा सामान्यीकरण गर्न दिँदैन र उनी व्रति मारिएको बस्ती पुग्छिन् । जव सहिद समुको घर सोध्दै गाउँमा एउटा सम्भ्रान्त महिला पुग्छिन्, चियापसलका जंगलीहरु कटाक्ष गर्छन् । समुकी आमा निशंस हत्याकी कथाबाचक हुन् । समुकी आमैले व्रतिको चिया, पानी खाने साधारण व्यवहार मात्र होइन, साथीहरुभन्दा सवैभन्दा अगाडि कसरी नारा लगाएको थियो, अँधेरी रातमा घर घेरा हाल्ने हत्यारालाई कसरी हाँक दिएको थियो ? उसलाई सम्झिनेहरुको सूचिमा आफूमात्रै रहेको भ्रम सुजातालाई समुको घरपुगेपछि पहिलोचोटी अनुभूत भयो र छोरोको सामाजिकीकरणको प्रक्रियालाई बुझ्न पाइन्।

### नन्दिनी अर्थात् सच्चा प्रेमिका

नन्दिनी व्रतीकी प्रेमिका मात्र होइन सहयोद्धा पनि हो। नन्दिनीले नै निशंसकारीहरुको सुचना सवैभन्दा पहिले पाएकी थिइ र व्रतिलाई फोन गरेकी थिइ । अपितु ऊ आफै गिरफ्तारीमा परी । हजार वाटका वत्तिहरु सामुन्ने नांगो आँखाले हेर्ने मात्र होइन चुरोटका ठूटाहरुले जहाँ तही पोलिदिने पाशविक यातनाशिविरमा सरिक भइ । एउटा आँखाको ज्योति गुमाइ । यातनाशिविरबाट जिउँदै त फर्की तर आफ्ना सहयोद्धाहरुको मृत्युले क्रान्तिको तापमान ह्वात्तै घटेको थियो। अपितु नन्दिनीलाई व्रतिको सम्झना आइरहन्छ र उसले आमालाई व्रतिको हत्यारा पहिचान खुलाइदिइ । आमाका व्रतीसँगको प्रेम, विहेका जिज्ञासाहरु मेटाई । नन्दिनीले भावी जीवनको उज्यालो गोरेटो नै वताउदिनँ । खाली विरक्त लाग्दो यातनाबाट तंग्रिने सोच राख्छे।

### सरोजपाल अर्थात् हत्याराहरुका शान

आफ्ना भूमिगत क्रियाकलापका लागि विश्वास गरिएको पात्र अनिद्यले साथीहरुलाई बेखवर मात्र राख्दैन, हत्यारा जत्थालाई सुचना दिन्छ। उसकै गद्दारीबाट साथीहरुलाई जोगाउन व्रति आफ्नो जन्मदिनको तयारी त्यागेर हतार हतार आउँछ। समयमै सुचना र घेरावन्दी तोड्न नसकेर साथीहरुको जीवनरक्षार्थ आइपुगेको व्रतिसहितका योद्धाहरुको हत्या हुन्छ। हत्यारालाई पक्रिन र आफ्ना मुटुका टुक्राहरुलाई बचाउन सामुका बाबुले सरोजपाललाई प्रहरी ठानामा पुगि गरेको अनुरोध कारुणिक मात्र छैन, सरोजपालको व्यवहार निकै नै निकृष्ट छ। त्यही सरोजपाल टुनी र तुलीलाई शुभकामना दिन आइपुग्छ र सुजाता आमैलाई शिक्षा, सरेन्डर र लास फिर्ता नगर्ने उर्दी जारी गर्दै साइरन बजाउँदै हिंड्छ।

जव आफ्नै छोराको हत्याराले आफ्नै छोरीलाई शुभकामना दिन्छ र साइरन बजाउँदै हातहतियार सहित गाउँ छिर्छ। कुन वस्तीमा फेरी ज्यादति हुने हो ? फेरी कुन आमाले त्रासदी भोग्नुपर्ने हो ? यो सम्झिएर सुजातालाई भाउन्न हुन्छ र अन्धकारमा लड्छिन् । दिव्यनाथ एपेन्डिक्स फूटेको हो की भन्दै अत्तालिएर कराउँछ । खासमा हत्याराको शान कोक्याएको हो। त्यो सम्भावित आतंकले पोलेर सामाजिक चिन्ताले सताएइको थियो।

यो उपन्यासको केन्द्रीय विषय व्रतीको उत्सर्गगाथा, जुन नक्सलवाडी आन्दोलनको प्रतिनिधि चरित्र हो । जसको प्रभावले झापा विद्रोहको रचनाभएको सर्वविदितै छ। नेपाली बलिदानको जनयुद्ध निर्मित सर्वोच्च गाथा, जहाँ हजार चौरासीकी आमामा झैं क्रान्तिकारीहरुले शिखर नचुमेपछि हत्याराहरु गौरवका साथ हिंडिरहेका छन्। सहिदका परिवारहरु, युद्धका घाइतेहरु दण्डित छन् र आफ्नो आँखाको ज्योति फर्काउन उपचार गर्ने पक्का भएपनि समाजको गुमेको ज्योति कसरी फर्काउने र के गर्ने नन्दिनीझै सर्वत्र अन्यौल जिइरहेका छन्।

उपन्यासमा झैं सहिदको डेथ डे नै नेपालका आन्दोलनका रक्तव्यापारी साहुहरुलाई पाटीमा रुपान्तरण हुन्छ । एउटा विद्रोही परिवारको प्रतिनिधि मनोविज्ञान झैं सिंगो आन्दोलनमा विभाजन पैदा भएको छ । क्रान्तिकारी जेल गइरहेका छन् र हत्याराहरुलाई पूर्व छापामार मन्त्रिपरिषद्ले पदोन्नति गर्छ। सहिदको घरको छानो भत्किदै जान्छ, आमाको धोती लगाउनै नमिल्ने गरी धुजाधुजा हुन्छ र गुजारामा संकट हुन्छ। अर्कोतिर आलिशान महल निर्मित हुन्छन् । यसरी उपन्यासले मेसेकार गरेर समाप्त पारिएको विद्रोहलाई चित्रित गरेपनि सम्झौताद्वारा गला रेटिएको द्वन्द्वसँग मेल खान्छ।

नेपालमा साँच्चिकै व्रतीजस्ता थुप्रै योद्धाहरुले बलिदान मात्र होइन आफ्नै आफन्तको सफाया देखि सेवोटेजसम्मका क्रियाहरु गरेका छन् अर्कोतिर आफ्नै भाइ, भतिजाहरुको हत्यामा नातागोता सरिक छन्। समाजको तल्लो एकाई भनेको परिवार हो, जहाँ व्रतीको बलिदानको गौरव र त्रासदी दुइटै अभिव्यक्त भएको छ । दिव्यनाथजस्ता बाबुहरुले बीरतापूर्ण ढंगले लड्नेहरुलाई घृणा गर्नु कुनै अनौठो कार्य होइन किनकी त्यो द्रव्यपिचास प्रवृत्तिले मानिसको उर्जा, सिर्जना र प्रतिभालाई पैसामा अनुवाद गर्न चाहन्छ, जुन कार्य व्रतीहरु गर्न सक्दैन । नेपालमा 'युद्ध पुँजी' आर्जनमा निपुणका परिवारहरुले युद्धबाट घाइते भै रित्तै घर फर्किएकाहरुलाई घृणा गरिरहेको पाइन्छ। यौं इमान्दारीता पराजित परिस्थितिको विशेष उपहार हो।

मानिसका सुन्दर सपनाको हत्या गरेर चेतनहीन र जड समाजलाई शान्त देख्ने शाषकीय मनोवृत्ति हुन्छ। मूर्दा शान्तिका पुजकहरु साँच्चिकै लास हुन्। ति जिउँदा लासहरु ठान्छन् कि भरभराउँदो नयाँ गीतको अर्थ हुँदैन। बरु स्वामीहरुले गरिवीबाट मुक्ति दिन सक्छन्। उनीहरुका लागि बलाईसँग नीपाले, भूतपूर्व टाइपिष्टसँग झै सुजाताको मूर्दा बुढोले रात विताउनु नै उत्तम जिन्दगी हो। त्यसैलाई व्रतीले असीम घृणा गर्दछ।

उपन्यासको सवैभन्दा बलियो पक्ष के हो भने एउटा आमा आफ्नो छोरोको बलिदानपछि विचलित होइन कारणहरु खोज्छिन् । सत्यको पक्षपोषण गर्छिन, दिव्यनाथको पारिवारिक संघार नाघ्छिन् र समाजको फराकिलो चौबाटोमा आइपुग्छिन्।

सुजाताले दिव्यनाथसँग ३२ वर्ष पुरानो सम्बन्धको फेहिरिस्तसहित विद्रोह मात्र गर्दिनन्, सुजाता टोनी र तुलीको इन्गेजमेन्टको रंगीन पाटीमा समेत सेतो कपडामा देखिन्छिन्। उनी तुलीको सासु जस्तो शैलीलाई सम्झिदै सकिनसकी उसको पाहुनालाई स्वागत गर्न जान्छिन् । त्यो पाहुना व्रतीको हत्याराहरुको नाइके हुन्छ, उसले हजार चौरासीकी आमालाई देखेपछि गाडीबाट नओर्लिकनै आतंक मच्याउने कालो गाडीसहित गाउँ पस्छ । उपन्यास सुजताको भाउन्नसँगै त्रासद कौतुहलताका साथ सकिन्छ।

उपन्यासको मूलकथा फल्यासव्याकमा र सामाजिक द्वन्द्व प्रत्यक्ष कहिएको छ। उपन्यासमा एउटै परिवारलाई केन्द्रीत गरी प्रतिनिधि नायक रचना गर्दा बाबु दिव्यनाथको हृदयलाई ढुंगाले कुँदिएको छ। कुनै पनि छोरोको मृत्युमा दिव्यनाथजस्ता क्रुरतम, चरित्रहीन र द्रव्यपिचास बाबुको संयोग विरलै हुन्छ। एउटै घरबाट प्रतिनिधि पात्रको निर्माण र संकथनमा लेखिकाले समाजका चरित्रहरुको आरोपण सुन्दर र कलात्मक ढंगले गरेकी त छिन्। अपितु यो समाजमा सामान्यीकण चाहीँ हुन सक्दैन । उपन्यासमा सुजाताको ... बाँकी ८ पेजमा

## कविता

### तिम्रा विरुद्ध

■ संकल्प

तिमी लोकनजरमा बद्नाम भएपछि
म तिमी हुनुको के अर्थ छ र ?
म तिमी बन्नुपर्छमा अब के बाँकी छ र ?

तिमीले आफ्नै विगत बिर्सेर
आफ्नै आमाको छातीमा बुट बजारेपछि
तुच्छ स्वार्थ खातिर भद्दा घात गरेपछि
म तिमी बन्नुपर्छ भन्ने आँट कसरी गर्‍यौं ?
थाहा छ, मेरो नजरमा तिमी कसरी मर्‍यौं ?

तिमीभित्रको 'विचार' र 'सपना' मरेपछि
हो, तिम्रो मृत्युको शंखघोष गरें मैले
जन-जनमा यो खबर फैलिरहेछ आज
तिमी जीउँदो लास बनिरहेछौं सबै माझ

तिमीलाई थाहा छ ?
तिमीले फेरिरहेको श्वासका लागि कतिले श्वास गुमाउनु पर्‍यो ?
तिमीभित्रको हरेक धड्कनका लागि कतिले धड्कन रोक्नु पर्‍यो ?
आफ्नो धरातल बिर्सेर वैभव र ऐशमा रम्ने छुट दियो कसले ?
मूल्य अवश्य चुकाउनु पर्छ एक दिन, बाटो बिराए जस-जसले


ढुंगा हान्ने मान्छे सडकमा जम्मा पारेर सिसाको महलमा छिरेपछि
फोरिन्छन् तिम्रा आलिसान महलहरु, तोडिन्छन् तिम्रा थातबासहरु
खोसिन्छन् तिम्रा श्वास र धड्कनहरु, पोलिन्छन् तिम्रा वैभव र ऐशहरु
त्यो दिन आउनु अगावै, ब्यूझ र आस्था र निष्ठाको यात्रा अविराम राख।
हो, आज यस्तै स्वरहरु गुन्जाएमान छन् गाउँ गाउँ बस्ती बस्तीहरुमा
ती झुप्रा र छाप्राहरुमा, सहरका गल्ली गल्ली र हरेक कुइनेटाहरुमा

### नथाक

■ सोनाम सज्जन किराती

आफ्नै जीर्ण शरीरमा
पसिना बगाएर बाँचिरहेको छु
पसिना संधैँ बिलाइरहन्छ
पसिनाको मोल बिना काम गरिरहेको हुन्छु
आखिर मैले जे बुझेँ, त्यहीँ गरेँ
यो सत्य हो, सबैले बुझ्दैनन्
यो अप्ठेरो छ
कठिन छ
संधैभरि यो असजिलो बाटो
कसले रोज्न सक्छ
सकेर रोजे बाँच्न पनि सकिन्छ
बाँचेर मात्र सत्य जगाउन सकिन्छ
त्यसको निम्ति त्यति मात्रले पुग्दैन
मुटुहरु चुटिन सक्छन्
बिछट्टै जीवनहरु गुम्न सक्छन्
गुमेको जीवन नयाँ ऊर्जा बनेर
सुन्दर विहानी बोलाउँछ
त्यतिखेर विवशता यस्तै भनेर
जीवनको अन्तिम घडीसम्म पनि
थाक्न हुन्न
नझुकी अघि लम्कनु पर्छ
अघि सर्न आँट गर्नै पर्छ
तब मात्रै सुन्दर लक्ष्य चुम्न सकिन्छ
अनि मात्र मुक्तिको बिहानी भेट्न सकिन्छ

# समाधान कसरी खोज्ने कृषि क्रान्तिको ?



सीताराम तामाङ

### विषय उठान

नेपालमा कृषि क्रान्तिका बारेमा बहस सन् १९५१मा राणाशाहीको पतनपछिदेखि नै सुरु भएको हो। त्यस बखतका नेतृत्वदायी राजनीतिक पार्टीहरुले, बामपन्थी हुन वा बुर्जुवा पक्षधर, छिमेकी देशका स्वतंत्र आन्दोलनको प्रभावमा परेर नेपालको कृषिमा भएको सामन्तवादी उत्पीडनको विरुद्धको आन्दोलन चलाएको थिए । "जमिन जोत्नेको नारा" त्यस बेला प्रभाबशाली नारा बनेको थियो। नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा तराई र काठमाण्डौमा ठूला-ठूला आन्दोलन भए। फलतः तत्कालीन सरकारहरुले किसान आन्दोलनका मागहरुलाई सम्बोधन गर्ने केही सुधारका कार्यक्रमहरु, जस्तो कि विर्ता, जागीर, रकम उन्मूलन, गर्न बाध्य भए । राजा महेन्द्रले संसदीय ब्यवस्थालाई पल्टाए पछि सन् १९६४ मा "भूमि सुधार कार्यक्रम"लागु गरे जसले, रुपमा क्रान्तिकारी जस्तो देखिए पनि सारमा सामन्तकै पक्षमा सुधार गरेको थियो । अन्ततः त्यो कार्यक्रम असफल भयो। सन् १९९०मा संसदीय ब्यवस्था पुन स्थापना भए पछि बडाल आयोग लगायत सुकुम्बासी आयोग, दीर्घकालिन कृषि योजना (APP), आदि बने। विश्व बैंक र आई. एम. एफ.को "Structural adjustment Programm" अन्तरगत नवउदारवादको नाममा साम्राज्यवादको उपनिवेशी पुँजी र बजार नियन्त्रित आर्थिक योजना अर्न्तगत गरिएका सुधारका कार्यक्रम आए। स्वभावतः ती सबैले कृषिमा नकरात्मक परिणाम दिए। सन् २००७ मा भएको ऐतिहासिक जनआन्दोलन पछि प्रमुख राजनीतिक दलहरु-एमाओवादी, ने.का, एमाले, मधेशवादी, आदिले भूमि सुधारका कुरा गर्दै आएका छन् । त्यही वीचमा गजुरेल र बस्नेत आयोग पनि बने। तर तिनीहरु पनि कार्यान्वयन भएनन् । नेपाली काग्रेसले नीतिगतरुपमा भूमि सुधारको कुरा गरे पनि ब्यवहारमा त्यो पार्टीको नेताहरु कार्यक्रम बनाएर लागु गर्ने पक्षमा देखिदैनन् । आफै हाँसो उठ्ने कुरो के छ भने बैज्ञानिक र क्रान्तिकारी भूमि सुधारको कुरा गर्ने वामपंथी पार्टीका-एमाले र एमाओवादी-नेतृत्वमा बनेका सरकारहरुले पनि मधेसवादी दलहरुको विरोधको कारण भूमि सुधारको एजेण्डा समेत संसदमा टेवल गर्न सकेनन् । कुरो त्यति मात्र छैन, अहिले यो मुद्दाले राष्ट्रिय बहसको एजेण्डा नै बन्न छोडेको अवस्था छ।

### कृषि क्रान्तिको चरित्र

नेपाली कांग्रेसका नेता वि.पि. कोइराला र जगनाथ आचार्यको कृषिभूमि सुधारबारे आफ्ना दृष्टिकोण छन्। रामचन्द्र पौडेलले "कृषि क्रान्ति र समाजवाद" नामक पुस्तक लेखेका छन् तर त्यो पुस्तक बैचारिकभन्दा पनि प्राविधिक हिसावको देखिन्छ । नेपालको वामपंथी आन्दोलन सुरुदेखिनै "नेपाल अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक अबस्थामा रहेको कृषि-प्रधान मुलुक भएकोले यहाँको "क्रान्ति" कृषिक्रान्ति हो र यो मूलतः पुँजीवादी क्रान्ति नै हो भन्ने दृष्टिकोणलाई मानेर अघि बढेको हो। पुष्पलाल, मोहनविक्रम, मदन भण्डारी, झलनाथ, बाबुराम भट्टराई,गोविन्द लोहनी, मानिकलाल, सीताराम तामाङ आदिले पनि नेपाललाई अर्धसामन्ती तथा अर्ध-औपनिवेशिक अबस्थामा रहेको मुलुक भनेका छन् । तर पछिलो कालमा एमाओवादी र एमालेका साथै रोहित, घनश्याम, श्याम श्रेष्ठ, आदिले मुलुकको "अर्ध-सामन्ती" अवस्थालाई पुँजीवादले विस्थापित गरिसकेकोले नेपालको सामाजिक चरित्र पञ्चायतीकालको सुरुदेखि नै" दलाल पुँजीवादी" भैसकेको दलिल दिएका छन् । त्यसरी नै एकथरिले नेपाल अर्ध-औपनिवेशिक अबस्थाबाट नव-औपनिवेशिक अवस्थामा पुगेको तर्फ अघि सारेका छन्। यसरी नेपाली समाजको वर्ग चरित्र के हो भन्ने विषयमा विवाद आएकोले यसका विषयमा पनि छलफल अघि बढाउनु पर्ने देखिन्छ । तर पनि वाम आन्दोलनमा रहेका प्रायः जसो सबै पार्टीहरुको दस्तावेजमा नेपाली समाजलाई अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक (माओवादीलाई छोडेर) अवस्थामा रहेको भन्ने विश्लेषण भएबाट "नेपाली क्रान्तिको मूलभूत स्वरुप सामन्तवाद तथा साम्राज्यवाद विरोधी पुँजीवादी-जनवादी हुनेछ" भन्ने नै देखिन्छ । यस अवस्थामा कृषि क्रान्तिको आधारभूत कार्यक्रम भनेको "सामन्तहरुको जमिनमाथिको स्वामित्वलाई खत्तम गरेर त्यसमाथि मेहनतकश किसानवर्गको स्वामित्व स्थापित गर्ने" हुनु पर्दछ भन्ने मानिएको देखिन्छ।

### पुँजीवादी-जनवादी क्रान्ति पुरा गर्ने शक्तिहरु

क. पुस्पलालले २०२५ सालमा लेखेका छन् "सामन्ती युगमा पुँजीपतिबर्गको नेतृत्वमा सम्पन्न हुने क्रान्तिलाई पुँजीवादी जनवादी क्रान्ति भनिन्छ ।" तर मार्क्सवादी-लेनिनवादी सिद्धान्तको आधारमा हेर्ने हो भने आजको युगमा पुँजीवादी जनवादी क्रान्तिको नेतृत्व पुँजीपति वर्गले गर्नसक्तैन, त्यसको नेतृत्व मजदुर वर्गले (त्यसको राजनीतिक पार्टीले) मजदुर-किसान एकताको आधारमा गर्नु पर्दछ । यस प्रकारले सम्पन्न हुने पुँजीवादी जनवादी क्रान्ति पुँजीवादको स्थापना र संथागत विकास गर्ने नभई समाजवाद स्थापनाका लागि पृष्ठभूमि तयार गर्ने हुन्छ जसलाई माओको शब्दमा "नयाँ जनवादी क्रान्ति" भनियो । नेपालको सन्र्दभमा पनि के कुरा सत्य हो भने मानिकलालको शब्दमा "यहाँका विद्यमान पुँजीवादी शक्तिहरु राष्ट्रिय पुँजीपति वा सामन्त विरोधी क्रन्तिकारी शक्तिहरु होइनन् । उनीहरु केहीहदसम्म यथास्थितिवादी र केहीहदसम्म विदेशी एकाधीकार पुँजीको दलाल स्वरुपका हुन । तसर्थः पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने पुँजीवादी (संसदवादी) पार्टीले वर्तमान पुँजीवादी क्रान्तिको अभिभारा पुरागर्न सक्तैन, सामन्तवादी शक्तिसँग सम्झौताहिन संघर्ष गर्न सक्तैन"। यस स्थितिमा पुँजीवादी क्रान्तिको अभिभारा सर्वहारा वर्गको काँधमा आएको छ र उसले नै सो क्रान्ति सम्पन्न गर्नु पर्नेछ भन्ने कुरामा नयाँ जनवादी क्रान्तिका पक्षधर कम्युनिष्टहरु सहमत देखिन्छन्।

### क्रान्तिको मोडेल

क.माओको विचारलाई पक्षपोषण गर्दै क.पुस्पलालले के बताएका छन् भने मार्क्सवादी सिद्धान्त अनुसार पुँजीवादी जनवादी क्रान्ति सम्पन्न नभई समाजवादी क्रान्तिमा प्रवेश गर्न सकिन्न। अत : यस सिद्धान्त अनुसार सामन्ती उत्पादन सम्वन्ध भएको मुलुकमा क्रान्तिको प्रथम चरण पुँजीवादी क्रान्ति हुन्छ र दोस्रो चरण समाजवादी हुन्छ । नेपालको सन्दर्भमा यहाँको अर्ध सामन्ती तथा अर्ध-औपनिवेशिक स्थितिलाई खत्तम गरी जनवादी अर्थतंन्त्रको निर्माणद्धारा समाजवादी संक्रमणको पृष्ठभूमि तयार गर्ने ब्यवस्थाको स्थापना सशस्त्र किसान क्रान्तिको संचालन विना हुन सक्तैन । क. पुस्पलाल पछाडिका मार्क्सवाद-लेनिनवाद-माओ विचार/माओवाद मान्ने कम्युनिष्टहरुले यो विचारलाई सही नै ठहऱ्याएका छन् जवकी यो विचारको पक्षपोषण नगर्नेहरुले आमूल परिवर्तनका कुरा त गरेका छन् तर सर्वहाराको नेतृत्वमा ... बल प्रयोगको बाटो नभएर शान्तिपूर्ण संसदीयबाटो मार्फत ! तसर्थ अर्ध-सामन्ती उत्पादन पद्दतिलाई क्रान्तिद्धारा उन्मूलन नगरी मुलुक राष्ट्रिय औद्योगिक पुँजीवादतर्फ फट्को मार्न सक्तैन।

NIC=LSCP

Where, NIE= National ludustrial Capitalism

तर नेपालको विकासको विद्यमान प्रवृत्ति (trend) औद्योगिक पुँजीवादतर्फ निर्देशित छैन, बरु, राज्य नोकरशाह, दलाल पुँजीपति र सामन्तवर्गको पकडमा रहेकोछ। यो नै नेपालको विकासका लागि अहम् चुनौति हो।

सन् २००६को ऐतिहासिक जनआन्दोलन पछि प्रायः जसो ठूला भनिएका राजनीतिक पार्टीहरुले बैज्ञानिक भूमि सुधार गर्ने, सामन्ती भूस्वामित्वको अन्त्य गर्ने, जमिन जोत्नेलाई दिने, आदि प्रतिबद्धता जनाएका छन्, यी सकारात्मक कुरा हुन् तर इतिहास के छ भने भारतमा पुँजीपतिवर्गको दवावमा राज्यले कृषिमा पुँजीपतिवर्गको हितानुकूल काम गरेको छ भने नेपालमा सामन्ती चिन्तनको राजनीति हावि भएकोले र जनताको पक्षमा अझै राजनीतिक संघर्ष टुंगो लगि नसकेकोले कृषिको प्रश्न अझै ओझेल पर्दै आएकोछ। (बाँकी नै छ।) त्यसैले उक्त प्रतिबद्धताहरु लागु गरिएता पनि त्यो सुधारको मात्र कुरो हुनेछ । त्यसले नेपालको अर्ध-औपनिवेशिक स्थितिलाई खत्तम गरी पुँजीवादी जनवादी अर्थतंत्रको निर्माणद्धारा समाजवादी संक्रमणको पृष्ठभूमि तयार गर्ने ब्यवस्था स्थापना हुन सक्तैन।

### संघर्षको नेतृत्व

कृषि क्रान्तिको कार्यक्रमलाई ब्यवहारिक रुप दिने त्यो क्रान्तिको नेतृत्व कसले गर्दछ भन्ने प्रश्न उठीहाल्छ ! आजको ऐतिहासिक अवस्थामा सामन्तवाद तथा साम्राज्यवाद विरोधी जनवादी क्रान्तिको नेतृत्व पुँजीपति वर्गले गर्न नसक्ने भएकोले त्यस्तो क्रान्तिको नेतृत्व मजदुर वर्गको पार्टी "कम्युनिष्ट पार्टीले" मात्र गर्न सक्छ भन्ने क.माओको सिद्धान्त र ब्यवहारले समेत पुष्टि गरेकोछ। आजको नेपालको विशिष्ट ऐतिहासिक स्थितिमा सम्पन्न हुने सामन्तवाद तथो साम्राज्यवाद (र विस्तारवाद) विरोधी क्रान्तिको नेतृत्व पनि स्वभावत : मजदुर वर्गको पार्टी "क्रान्तिकारी कम्युनिष्ट पार्टी"को नेतृत्वमा मजदुर-किसान एकताको आधारमा सम्पन्न हुनेछ । क. पुष्पलालले नेपालको सामन्तवाद तथा साम्राज्वादलाई खतम गरी अर्थात नेपालको अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थितिलाई खत्तम गरी जनवादी अर्थतन्त्रको निमाणद्धारा समाजवादी संक्रमणको पृष्टभूमि तयार गर्न "दीर्घकालीन सशस्त्र किसान संघर्ष गर्नु पर्दछ" भनेका छन् (नयाँ जनवादी कार्यक्रम २०२५)। त्यसरी नै ने.क.पा.(चौ.म.)को कृषिक्रान्तिको कार्यक्रममा भनिएकोछ, "सर्वहारा वर्गको पार्टीको नेतृत्वमा दीर्घकालीन सशस्त्र किसान विद्रोह द्धारा नै हामीले प्रतिकृयावादी राज्यव्यवस्थामा क्रान्तिकारी परिवर्तन ल्याउन सक्नेछौं" (२०३३)। त्यसपछि न.क.पा.( मा.ले.२०४६)ले पनि "दीर्घकालीन किसान संर्घष" लाई नै जोड दिएको देखिन्छ । तर नेक.पा.(माले) एमालेमा परिवर्तन भए पछि "कृषिक्रान्ति" भनेको "बैज्ञानिक भूमि सुधार गरी हदबन्दी भन्दा माथिका ... जमिन जोत्नेलाई उपलब्ध गराउनेछ । अनुपस्थित जमिनदारी अन्त्य गरिनेछ । कृषिको आधुनिकीकरण र ब्यवसायीकरण गरिनेछ" (२०७०)। दशबर्षसम्म जनयुद्ध हाँकेको ने.क.पा.(माओवादी)को मूल नेतृत्व (प्रचण्ड र बाबुराम)पनि हेटौंडा महाधिवेशनपछि (२०७०) "बैज्ञानिक भूमि सुधार आयोगको प्रतिवेदनलाई तदारुकताकासाथ लागु गर्ने" ठाउँमा पुगेका छन्। यसबाट के बुझ्न सकिन्छ भने नयाँ जनवादी छोडेका पार्टीहरुले कृषिक्रान्तिको कार्यक्रम छोडेका छन् र यसै बुर्जुवा संसदीय ब्यबस्थामा रमाएका छन् र यो ब्यवस्थालाई नै बलियो बनाउन लागि परेकाछन्। तर ने.क.पा.(क्रान्तिकारी माओवादी) अहिले पनि नयाँ जनवादी क्रान्तिकै पक्षधर रहेको र यो पार्टीले किसान मुक्तिका लागि कृषिक्रान्ति अनिवार्य ठोनेकोछ। यो पार्टीको "राजनीतिक प्रतिवेदन तथा विधान-२०७२,कार्तीक" मा भनिइकोछ "नेपाली जनवादी क्रान्तिमा सशस्त्र संघर्ष ... नेपाली विशेषतामा आधारित सशस्त्र जनविद्रोह नै हुन्छ।" जनविद्रोहको तयारीका निम्ति भनिएकोछ "गाउँ र सहर दुबैलाई जोड्नु पर्दछ । गाउँलाई आधार भाग र सहरलाई अग्रभागको रुपमा लिनुपर्दछ। (राष्ट्रिय भेला, २०७३ असार ६-८ गते, काठमाडौं)। गाउँ र सहरलाई जोड्नु भनेको गाउँको किसानको मुक्ति र सहरका मजदुरको (र अन्य श्रमिक वर्ग)मुक्तिका लागि संघर्षलाई जोड्नु हो। तसर्थ कृषिक्रान्तिका लागि संघर्षको नेतृत्व सर्वहारावर्गको पार्टीको नेतृत्वमा मजदुर-किसान एकताको आधारमा सशस्त्र विद्रोहको विकल्प नभएको प्रष्ट हुन्छ।

---

## सङ्घीयता हाम्रो ...

उग्रवामपन्थी भड्काउको विरोध गर्नी, हाम्ले पनि गर्नी। त्यै भएर हाम्रो कुरा मिल्यो अनि सरकाराँ गैयो। जाहाँसम्म हाम्ले पनि घाट छाम्न गएको भन्नी तपाइँको जिज्ञासा छ त्यस्तो क्यै पनि हैन । हाम्ले घाट छामेको हैन खोलै तर्न खोजेको हो। जिन्दगीभर राजनीति गरेर त्यसै माथि जान त भएन । मर्नी बेला हरियो काँक्रै भए पनि खानु पऱ्यो भनेर सचेततापूर्वक गा'को हो । चाइन्जो अरू जस्तो छलछाम गरेको हैन । हाकाहाकी गएको हो । पछि माउनेता हाम्रा उहाँ (जिएस) जाने कुरा आउँदै । किनभनी एक त उहाँ भूमिगत हुनुहुन्च । दोस्रो कुरा उहाँ धेरै बुढो भैसक्नुभो । अर्को पटकको यस्तै अवसर आउँदासम्म सायद उहाँलाई पिण्डै दिनु पर्ने अवस्था पनि आउन सक्छ । तेस्रो कुरा उहाँको सट्टामा उहाँकी धर्मपत्नी सम्सदाँ त हुँदै हुनुहुन्च । चौथो कुरा उहाँका मान्छे जति सबै क्वै पेरिसडाँडातिर जन्तेबाखो खान गैसके। क्वै वैद्यजीको ओक्तो थिच्दै छन् । क्वै डाक्सावको कम्पाउण्डर बन्याछन् । ऐले त उहाँ आफ्ना मामा, छोरो र नातोदारहरूसँग एक्लै गुप्तबासाँ हुनुहुन्च ।

***कैलु :*** *अहिले तपाइँ सरकारमा बसेर सरकारकै विरोध गर्नुभा'छ किन ?*

**उखानबहादुर :** चाइन्जो म पो सरकारमा छु त, हाम्रो पार्टी त छैन नि । पार्टीले त सङ्घीयताको विरोध गरेर आन्दोलन गरेओ छ। सङ्घीयता हाम्रो एजेण्डा'नि हैन । अर्को कुरा यो सरकारले मनपरी गरिराख्या छ । म सरकाराँ छु तर मलाई क्यै पनि नसोधेर आफ्नै मनमानी ढङ्बाट पर्धानमन्त्रीले सरकार चलाउनु भओछ। मेरो मन्त्रालयमा बजेट पनि हाल्दिनु भओ छैन। सँगै सरकाराँ बसेर कसैले बासमती चामलको भात खाने कसैले सिम्ठाराको कनिका चाहार्नुपर्ने। यो त अचाक्ली भओ भनेर विरोध गरेको । सरकार छोडौँ भने मर्नेबेलाको हरियो काँक्रो छोड्न'नि भएन । चाइन्जो अरूले मुख बाएर बस्या छन्। असाध्य अप्ठ्यारो निल्नु न ओकल्नु भओ छ।


kailubraha73@gmail.com

---

# सङ्घीय गठबन्धनको रिले अनसन जारी

**काठमाडौं,** सङ्घीय गठबन्धनद्वारा आयोजित ३९ दिने रिले अनसन आज २८औं दिनमा प्रवेश गरेको छ। आयोजकका अनुसार २७ औं दिनसम्मका रिले अनसनहरु फलतापूर्वक सम्पन्न भएको छ । वर्तमान संविधानले जनताका आकांक्षा र मागहरु संवोधन गर्न नसकेको भन्दै त्यसलाई पुनर्लेखन/संशोधन गर्नुपर्छ भन्ने मुख्य मागसहित २६-बुँदे माग राखी यो गठबन्धनले पहिलो चरणको आन्दोलन सिध्याएर रिले अनसनको दोस्रो कार्यक्रम सुरु गरेको हो ।

जेठ २५ गतेदेखि सुरु गरिएको गठबन्धनको आन्दोलनमा सरकारमा सहभागी रहेका राजनीतिक दलहरु बाहेक अन्य सबै राजनीतिक दलका शीर्ष नेताहरु, वुद्धिजीवी, मानवअधिकारवादी, नागरिक समाज तथा पेशाकर्मी अनि सञ्चारकर्मी सबैले ऐक्यवद्धता जाहेर गरेका छन् । अन्तर्राष्ट्रिय संघसंस्था तथा व्यक्तिहरुले पनि यस आन्दोलनप्रति गम्भीर चासो र चिन्ता व्यक्त गरेका छन् । तर सरकारले यो आन्दोलनका नेताहरुलाई औपचारिक वार्तामा नबोलाएको आयोजकहरु बताउँछन्।




सूत्रका अनुसार गठबन्धनले चलाउँदै आएको आन्दोलनलाई टुक्रयाउने उद्देश्यले एकएक गरी यस गठबन्धनका नेताहरुलाई भेट्न खबर पठाउने र एक्लाएक्लै वार्ता गर्न खोज्ने सरकारी रबैया रहँदै आएको छ। यो रबैयाको विरोध गर्दै गठबन्धनले सरकारलाई पटकपटक गठबन्धनसँगै वार्ता गर्न सुझाएको छ। तर त्यसको गाम्भीर्यतालाई सरकारले बेवास्ता गरेको गठवन्धनको आरोप छ।

सरकारले बारम्बार यस्तो खाले नाटक गर्दै आएपछि बरु अलि बढि गम्भीरताकासाथ वार्ताको सहजीकरण गर्ने उद्देश्यले नेपाल बार अशोसियशनले सरकारसमक्ष गठबन्धनले राखेका मागहरुका बारेमा एक वृहद् अनतरक्रिया र छलफलको आयोजना गरी त्यसलाई सबैको चासोको विषय वा सरोकारको विषयको रुपमा अघि बढाएको छ । यसले वार्तालाई सहजीकरण गर्ने गठबन्धनको ठहर रहेको छ।

स्रोतका अनुसार गठबन्धनले यही असार २९ गते रिले अनसनको दास्रो कार्यक्रम समापन गर्ने र त्यसै दिन तेस्रो चरणको सङ्घर्षको कार्यक्रमको घोषणा गरिने बुझिन आएको छ। उक्त दिन गठवन्धनका नेताहरुको संबोधनका साथै सांस्कृतिक झाँकीसहित दोस्रो चरणको कार्यक्रमको समापन हुने बताइएको छ।

वर्गदृष्टि Bargadrishti Weekly साप्ताहिक

## आलोपालो

# नेपालमा अबको जातीय आन्दोलन



पवनमान श्रेष्ठ

नेपालको राजनैतिक आन्दोलन सदासर्वदा जटिल प्रक्रियाबाट गुज्रिरहेको छ । नेपालमा राजनीतिक समस्याको पहिचान र आन्दोलनको एजेण्डा निर्माणदेखि आन्दोलनको नेतृत्वसम्म गम्भीर समस्या र भ्रम छन् । यसले गर्दा आन्दोलन र क्रान्तिको एउटा उचाइमा पुगेर पनि निष्कर्षमा पुग्न नसक्ने र देश पुनः पुरानै अवस्थामा फर्कने गर्दै आएको छ । यद्यपि रुपमा केही परिवर्तन भने निश्चित रुपमा भएको देखिन्छ ।

नेपाल लामो समयसम्म सामन्ती, अर्ध तथा नवऔपनिवेशिक अवस्थाबाट गुज्रदै आएको छ । यसले मूलभूत रुपमा वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय र सामुदायिक समस्या उत्पन्न गरेको छ । नेपाल जस्तो बहुजातीय, बहुसमुदाय र भौगोलिक विविधता भएको देशमा यी समस्याहरु सारतः वर्गीय समस्या नै हुन् । तर राज्यसत्तालाई हेर्ने र यसबाट हुने उत्पीडनको सारलाई हेर्ने, बुझ्ने र ग्रहण गर्ने सवालमा देखापर्ने गरेका विविध दृष्टिकोणले समस्याको जरासम्म पुग्ने समस्या रहेको देखिन्छ । सत्तासीन वर्ग र पक्षधरहरु पनि समस्याको रुपलाई स्वीकार्ने र केही सुधार गरेर समस्या हल गर्ने समाधानका उपायहरु पेश गरेर आफ्ना निहीत स्वार्थ पुरा गर्ने गर्छन् र आन्दोलनमा भ्रम छर्ने काम गर्दै आएका छन् भने सच्चा मार्क्सवादीहरु इसको जरासम्म पुग्ने र समस्या समाधान गर्न सत्तामा आमूल परिवर्तन गर्नुपर्ने उपायको रुपमा आफूलाई प्रस्तुत गर्ने गर्दै आएका छन् । रुप र सारलाई ठिक ढंगले हल गर्ने कोशिस गर्दै आएका छन् । अर्काथरी ठूलो तप्का तात्कालिक स्वार्थका आधारमा कोही रुपलाई वकालत गर्ने र कोही सारको मात्र कुरा गर्दै आन्दोलनमा विभ्रम पैदा गर्ने गर्दै आएका छन् । मार्क्सवादी आन्दोलनभित्र संशोधनवादी र नवसंशोधनवादीहरुको त कुरै छोडौं, क्रान्तिकारी पार्टीको आम नीति सहि हुँदाहुँदै पनि यसलाई बुझ्ने सवालमा नेता र कार्यकर्ताहरुमा देखापर्ने दुई अतिवादी दृष्टिकोणले आन्दोलनमा भ्रम र अविश्वास पैदा हुने गर्दै आएको अवस्था पनि विद्यमान छ । क्रान्तिकारी पार्टीभित्र आवश्यक छलफल र बहसका बीचबाट बुझाइमा एकरुपता पैदा गर्न आवश्यक छ । यसमा पनि नेपालका क्रान्तिकारी पार्टीभित्रका शासक जातिबाट आएका ब्राम्हण र क्षेत्रीहरुबाट महत्वपूर्ण भूमिका निभाउनु पर्ने देखिन्छ ।

नेपालमा शासक जातिका ३० प्रतिशत संख्यामा अरु जातिहरुको भन्दा ठूलो भएता पनि यो आफै कूल जनसंख्याको अल्पमत नै हो । उत्पीडित जाति, क्षेत्र र समुदायको जनसंख्या अत्यधिक बहुसंख्यक अवस्थामा रहेको छ । त्यसैले नेपालको वर्गीय आन्दोलनको चरित्र र स्वरुप शुद्ध वर्गीय रुपमा मात्र अगाडि बढ्न सम्भव छैन । सारमा वर्गीय आन्दोलन हुँदा हुँदै पनि रुपमा यसले जातीय, सामुदायिक र लिङ्गीय आन्दोलनको रुपमा पनि अभिव्यक्त हुन्छ । तर यसलाई सर्वहारावर्गको नेतृत्वमा सही समाधान दिएर अगाडि बढाउन सकिन्छ कि सकिदैन भन्ने नै मुख्य प्रश्न हो ।

उत्पीडित जाति, क्षेत्र, समुदाय र लिङ्गका जनसमुदायको पहिचान रुपका आधारमा मुख्य विषय हो भने सारमा वर्गीय नै हो । त्यसैले उत्पीडनका (पहिचानका) आधारमा त्यसको समाधान प्रस्तुति आन्दोलनको प्रमुख एजेण्डा बन्दछ । आज नेपालमा सामान्य तथा उत्पीडनको पहिचान जटिल छैन तर उत्पीडनको पहिचानका आधारमा समाधानको प्रस्तुती जटिल बनेको अवस्था छ । तुलनात्मक रुपमा लिङ्गिय, क्षेत्रीय, र सामुदायिक उत्पीडनको पहिचान भन्दा जातीय पहिचानका आधारमा समाधानका उपाय झनै जटिल बनाइएको अवस्था छ ।

सामान्यतया सामन्तवादको विरुद्ध पुँजीवादी आन्दोलनका क्रममा र पुँजीवादका विरुद्ध सर्वहारा वर्गीय आन्दोलनको क्रममा आन्दोलनको सफलतापछि उत्पीडनका पहिचानका आधारमा समाधान दिएको अवस्था थियो र छ । मूल रुपमा लिङ्गीय, सामुदायिक उत्पीडनको हल जातीय र क्षेत्रीय उत्पीडनका पहिचानका आधारमा निश्चित समयसम्म संघीयता, स्वायत्तता र स्वशासनको आधारमा हल गर्ने अभ्यास गरिएको अवस्था थियो र छ । मुख्यतः जटिल अवस्थामा रहेको बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक देशहरुमा समाधानका उपायका रुपमा अवलम्बन गरिएका संघीयता, स्वायत्तता र स्वशासन अहिलेसम्म कै वैज्ञानिक उपाय हुन् । यो भन्दा वैज्ञानिक उपाय पेश भएमा त्यसको स्वागत र समर्थन सबैले गर्ने नै छन् ।

नेपाल कै सन्दर्भमा पनि कुल जनसंख्याको ६० प्रतिशत ओगटेको र पहिचानको प्रश्न जातीय उत्पीडनलाई हल गर्ने उपायलाई रुपमा सबैभन्दा जटिल र कष्टसाध्य विषय बनाइएको छ, सारमा वर्गीय समस्या हल गर्ने मुख्य समस्या छँदैछ । जातीय उत्पीडनको पहिचानको आधारमा संघीयता, स्वायत्तता र स्वशासनको विषयमा सत्तासीन वर्ग र ब्राम्हणवादी मनोवृत्ति भएका सबै राजनैतिक दलका नेता र कार्यकर्ताहरुबाट यसका विरुद्ध भ्रम छर्दै विषयलाई जटिल बनाइएको अवस्था छ । देश टुक्रिने, जातीय युद्ध हुने, पहिचानसहितको स्वायत्त प्रदेशबाट अरु जातिलाई निस्कासन गर्ने, आदि आदि विभ्रमहरु छर्ने गरिएको छ । देशलाई बहुजातीय राज्य होइन, एकल जातीय राज्यको रुपमा नै निरन्तरता दिने काम भइरहेको छ ।

क्रान्तिकारी भनिएका नेताहरुबाट राष्ट्रिय र वर्गीय आत्मसमर्पण गरेर गद्दारी र धोकाधडीसहित नवसंशोधनवादमा पतन तथा क्रान्तिकारी पार्टीबाट (हिस्साबाट) नवसंशोधनवादको पुच्छर बन्दै अन्ततः नवसंशोधनवादमा भएको पतनबाट जनतामा नेतृत्वप्रति अविश्वास र आन्दोलनप्रति नैराश्यता पैदा भएको वर्तमान परिस्थितिमा प्रतिक्रियावादीहरुको आयु लम्बिएको स्थिति छ । तर यो परिस्थिति सदाकाल रहने छैन । विशेषगरी जनतामा रहेका भ्रम, अविश्वास र नैराश्यता तोड्न जनताका बीचमा सही नीतिसहित क्रान्तिकारी नेता कार्यकर्ता पुग्ने हो भने परिस्थिति जनताको अनुकूलतामा आउने छ । यसको लागि फलामे अनुशासनसहितको कम्युनिष्ट पार्टी तथा यसको मातहतमा विशाल जनवर्गीय संगठन तथा मोर्चाको निर्माण पहिलो शर्त हो । प्रतिक्रियावादी तथा नवसंशोधनवादीहरुद्वारा फैलाइएका भ्रम र द्वैध चरित्रको भण्डाफोर दोस्रो सर्त हो । जातीय आन्दोलनको नेतृत्व र सहभागिता उत्पीडित जातिबाट मात्र हुनुपर्ने आग्रह र पूर्वाग्रह अन्त्य गर्दै आन्दोलनमा उत्पीडित वर्ग, जाति, क्षेत्र, समुदाय र लिङ्गको समर्थन र सहभागिता तेस्रो सर्त हो । जनताको जनजीविकाको आन्दोलनमा सहभागिता चौथो सर्त हो । जनताको जनवादी अधिकारको आन्दोलनको उठान र नेतृत्व प्रदान पाँचौ सर्त हो । आन्तरिक तथा बाह्य राष्ट्रियताको द्वन्दात्मक सम्बन्धसहितको राष्ट्रियताको आन्दोलन छैठौ सर्त हो । सवहारावर्गको नेतृत्वमा यी सम्पूर्ण आन्दोलनको परिचालन र संयोजन सातौं र मुख्य सर्त हो । यी सर्त पुरा गर्ने दिशामा अगाडि बढ्न सक्दा मात्र नेपालमा पुनः जातीय आन्दोलन उठ्ने र सही दिशामा अगाडि बढ्न सम्भव छ ।

## क्रान्तिकारी माओवादी ...

अर्को कुरा, जनवर्गीय संगठनहरुको भूमिका मूलतः केन्द्रीय र साधरणतः देशव्यापी हुने भएकाले पनि क्रान्तिकारी माओवादीले यसरी सोचेको देखिन्छ । वर्गीय आन्दोलनको आधार निर्माण गर्न, जनतालाई एकताबद्ध तुल्याउन, जनसम्बन्ध बनाएर एकाकार हुन र अन्ततः केन्द्रीकृत आन्दोलनको आँधीबेहरी सिर्जना गर्नमा जनवर्गीय सङ्गठनहरुको रहँदै आएको नेतृत्वदायी भूमिकालाई पुनः स्थापित गर्न खोजेको देखिन्छ ।

वैधानिक मोर्चा निर्माण गरेर उक्त मोर्चामार्फत् आफ्ना गतिविधिहरु जनताका माझमा पुर्‍याउने भनी चल्दै आएको नीतिगत छलफल र बहसलाई राष्ट्रिय भेलाले एकमतका साथ स्वीकार गरी केन्द्रीय समितिलाई म्याण्डेट दिएको छ । मोर्चा क्रान्तिकारी सङ्घर्षको साधन बन्नुपर्ने सुझाव पनि दिएको छ । केन्द्रीय समितिको बैठकबाट मोर्चा निर्माणको प्रक्रियालाई अघि बढाएएर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई अगाडि बढाउने आवश्यक निर्णय लिइएको स्रोतले खुलासा गरेको छ । सत्ताप्राप्तिपछि सत्ताको साधनको रुपमा काम गर्ने यस मोर्चाले सुरुमा भने सङ्घर्षको साधनको रुपमा सङ्घर्षका कामहरुलाई अघि बढाउने बताइएको छ ।

सडक सदैव प्रयोग गरिने, सदन सापेक्षतामा प्रयोग गरिने र सरकार केवल सङ्क्रमणको विशिष्ट अवस्थामा मात्र प्रयोग गरिने माओवादी सैद्धान्तिक तथा नीतिगत मान्यता अनुसार मोर्चालाई अघि सारिएको बताइएको छ । यस मान्यताअनुसार मोर्चाले सङ्र्षका कामहरुलाई वैधानिक रुपमा अघि बढाउने देखिन्छ । प्रतिक्रान्ति भएको, पार्टीको आत्मगत अवस्था सापेक्ष कमजोर रहेको, जनतामा केही अन्यौलता र भ्रम सिर्जना भएको तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा कैयौं मात्रात्मक परिवर्तनहरु देखा परेको वर्तमान अवस्थामा संयुक्त मोर्चाले गर्ने कामहरु दूरगामी महत्वका रहने स्रोतले बताएको छ । साझा मुद्दामा अरु राजनीतिक पार्टीहरुसँग सहकार्य गर्न सकिने बाटो पनि खुलाइएको छ ।

क्रान्तिकारी माओवादीले मधेसी, थारू, आदिवासी जनजातिद्वारा उठाइँदै आका जायज मागहरूको समर्थन गर्ने निर्णय गरेको बताइएको छ । देशमा उठठेका त्यसप्रकारका आन्दोलनमा ऐक्यबद्धता जनाउने निर्णय लिँदै तिनलाई वर्गीय मुक्ति आन्दोलनसित जोड्दै पार्टीको स्वतन्त्र पहलमा सङ्घर्षका कार्यक्रम सञ्चालन गर्ने सोच बनाएको देखिन्छ ।

## क्रान्तिकारी माओवादीको ...

पार्टी सदस्यहरूसम्म सञ्चालन गर्ने ।”

सो बैठकले पार्टीसँग नजिक रहेका प्रकाशन वर्गदृष्टि साप्ताहिकलाई जिल्लामा विस्तार गर्न हरेक जिल्लाले ग्राहक बनाउने र वितरण गर्ने । साथै अनलाइन मिडिया धधधध्ययदिबतय।अफ लाई कार्यकर्ता, सुभेच्छुक र आम जनतामा अध्ययन गर्न गराउन पहल गर्ने र राज्यबाट क्रान्तिकारी पत्रकार महासङ्घको पहलमा एउटा साप्ताहिक प्रकाशनको सम्भाव्यता अध्ययन गर्ने लगायतका निर्णय गरेको पनि हर्कबहादुर शाहीद्वारा जारी विज्ञप्तीमा जनाइएको छ ।

### भेक राष्ट्रिय मुक्ति मोर्चाको नेतृत्वमा शाही

सो बैठकले राष्ट्रिय उत्पीडनमा परेको भेरी कर्णाली क्षेत्रलाई विशेष आधिकारसहित राज्यबाट पाउनुपर्ने सबै प्रकारको अधिकार प्राप्तीको निम्ति भन्दै पार्टीका केन्द्रीय सदस्य धनजित शाहीको नेतृत्वमा भेरी कर्णाली राष्ट्रिय मुक्ति मोर्चा नेपालको निर्माण गरिएको छ । विज्ञप्तीमा भनिएको छ, “यी दुबै मोर्चामार्फत् संघर्षका कार्यक्रमलाई अघि बढाउने ठेगान गरिएको छ ।”

सो बैठकले भेक राज्यमा पर्ने जिल्लाहरुमा सरकारी तथा सार्वजनिक सरोकारका क्षेत्रमा व्याप्त वेथिति, विकास निर्माणका काममा हुने गरेका अनियमितता तथा प्रशासनिक ढिलासुस्ती लगायतका विषयमा सुक्ष्म अध्ययन र अनुगमन गरी सो अनुरुप संघर्ष संचालन गर्ने पनि निर्णय लिएको छ । यसैबीच, भेकरामुमोका संयोजक धनजीत शाहीले एक विज्ञप्ती जारी गर्दै राज्यद्धारा उपेक्षित गरिएको भेरी कर्णाली उत्पीडित क्षेत्र क्षेत्रीय उत्पीडन व्यहोर्दै आएकोमा यो क्षेत्रलाई विशेष अधिकारसहित राज्यबाट पाउनुपर्ने सबै अधिकार सुनिश्चित गराउनका लागि संघर्ष अघि बढाउने निर्णय गरिएको उल्लेख गरेको छ । मोर्चाको बैठकले लिएको निर्णयबारे भनिएको छ, “माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माण गर्ने नाममा सरकारले भारतीय कम्पनि जीएमआरसँग गरेको राष्ट्रघाति सम्झौता खोरजीको लागि गरिने राष्ट्रिय स्वाधीनताको सबै संघर्षमा ऐक्यवद्धता सहित सहभागी हुनेछ ।” मोर्चाको राष्ट्रिय भेला भाद्र २८ /२९ गते मुगु जिल्लाको पर्यटकीय क्षेत्र रारामा सम्पन्न गर्ने र भेला सम्पन्न गर्नको लागि पर्चा, वालीङ्, पोष्टरिङ गरि प्रचार/प्रसारको कामलाई व्यवस्थित गर्ने निर्णय लिएको पनि जारी विज्ञप्तीमा जनाइएको छ ।

यता तमुवान, मगरात, ताम्सालिङ र नेवाको राज्य भेला बैठक असार महिनाभित्रै सक्ने र संघर्षका कार्यक्रमहरु घोषणा गर्ने सम्बन्धित राज्य कार्यालय स्रोतले जनाएको छ ।

# अविरल बर्षाले जनजीवन प्रभावित

**काठमाडौं ।** बिहीबारदेखि परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले देशका विभिन्न ठाउँमा छ जनाको मृत्यु हुनुका साथै धनजनको क्षति भएको छ । गृहमन्त्रालयका अनुसार पहिरोबाट सुदूरपश्चिमको दार्चुलामा तीन, ललितपुरको विद्यालयमा पुरिएर दुई तथा सर्लाहीमा खोलाले बगाएर एक जनाको मृत्यु भएको जनाएको छ ।

ललितपुरको टौखेलस्थित पुष्पाञ्जली बोर्डिङ स्कुलको पर्खाल भत्किएर दुई जनाको मृत्यु हुनुका साथै २० जना विद्यार्थी घाइते भएको गृह मन्त्रालयले जनाएको छ ।

त्यसैगरी पहिरोका कारण दार्चुलामा तीन र बैतडीमा तीनवटा घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् भने धादिङ जिल्लाको रि गाविस-९ मा पहिरोको जोखिमा परेका छ परिवारका १९ जनालाई हेलिकप्टर र पैदमार्गबाट उद्धार गर्ने प्रयास भए पनि प्रतिकूल मौसमका कारण उद्धार कार्यमा कठिनाइ भएको मन्त्रालयले जनाएको छ ।

यस्तै नारायणगढ-मुग्लिङ सडक र भरतपुर माडी सडक पहिरो र बाढीका कारण अवरुद्ध हुन पुगेको पनि गृह मन्त्रालयले जनाएको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसमपूर्वानुमान महाशाखाका अनुसार मनसुन सक्रिय भएकाले मुलुकमा अधिकांश जिल्लामा अझै केही दिन निरन्तर वर्षात भइरहन सक्ने सम्भावना भएकाले सतर्क अवस्थामा रहन र त्यसका लागि आवश्यक पूर्वतयारी गर्न स्थानीय प्रशासनलाई निर्देशन दिइसकिएको मन्त्रालयले जनाएको छ ।

# सेक्युरिटी संघको संयोजकमा थमानसिंह तामाङ

**काठमाडौं ।** अखिल नेपाल क्रान्तिकारी सेक्युरिटी संघको बैठकले संघको संयोजकमा थमानसिंह तामाङलाई चयन गरेको छ । असार १८ गते बसेको बैठकले तामाङको संयोजकत्वमा ९ सदस्सीय कार्यालय टिम गठन गरेको छ । मध्य भदौमा संघको राष्ट्रिय भेला भव्यतापूर्वक सम्पन्न गर्ने निर्णय गरेको संघले जनाएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)का सचिवालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्मा र अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका संयोजक इश्वर तिम्सिनाको उपस्थितिमा बसेको बैठकले पेशागत मुद्दा र मजदुरविरोधी नयाँ श्रम ऐनका विरुद्धमा संघर्ष गर्ने जनाएको छ ।

## नाम परिवर्तन ...

भेलाद्वारा पारित राजनैतिक प्रस्तावमा भनिएको छ, “वस्तुतः नेपाल अझै अर्धसामन्ती तथा अर्ध/नवऔपनिवेशिक अवस्थामा रहिआएको र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका आधार भूत समस्याहरुको समधान नभएकोले देशलाई यस प्रकारको अवस्थाबाट मुक्त तुल्याउन र उक्त समस्याको समाधानका लागि नयाँ जनवादी क्रान्ति अनिवार्य रुपमा आवश्यक छ ।” यी सबै तथ्यले नै स्पष्ट गर्दछ कि यतिबेला हाम्रो आधारभूत नीति देशमा नयाँ जनवादी क्रान्तिको कार्यभारलाई पुरा गर्दै समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्नु हो ।

जहाँसम्म यतिबेला समाजवादी क्रान्तिको कार्यदिशाको चर्चा छ, त्यसले आजको नेपाली समाजको प्रतिनिधित्व गर्न सक्दैन । त्यो हावाधारी कुरा मात्रै हो । जसरी हिजो मार्क्स एन्गेल्सको पालामा पुँजीवादको विकल्प समाजवादी सत्तालाई अस्वीकार गरेर सिंधै साम्यवादको वकलत गर्ने र सारमा प्रतिकृयावादी व्यवस्थालाई सहयोग पुर्‍याउने काम अराजकतावादीहरुले गरे, ठीक अहिले नेपालको सन्दर्भमा यहाँका अवसरवादीहरु मुख्यतः दक्षिणपन्थी संशोधनवादीहरुले त्यो भूमिका निर्वाह गरिरहेका छन् । उनीहरुले कुनै चीजको नाम फेदैमा त्यसको स्वरुप स्ततः फेरिदैन भन्ने तथ्यलाई आत्मसात गर्न सकेनन् । त्यसैको परिणाम उनीहरु क्रान्तिकारी दिशाबाट च्यूत हुँदै प्रतिकृयावादी व्यवस्थाको अङ्ग रक्षक बन्न पुगे । यसका पछाडि कसैको नियतभन्दा पनि उनीहरुको गलत विचार, राजनीति र दृष्टिकोण नै मुख्य कारण हो ।

## त्रासदीको सौन्दर्य ...

विद्रोहको विस्तार हुँदैन, त्यो अग्निगर्भलाई बोक्न सक्ने योद्धा भनेको नन्दिनी हो, जसलाई खुम्च्याइएको छ ।

शिखा बुक्सले बजारमा ल्याएको यो उपन्यासमा मुक्ति दशकलाई कोष्ठकमा उग्रवामपन्थी आन्दोलन घोषित गर्दै सम्पादन समुहले आफ्नो रुढ दर्शन पाठकमाथि थोपर्ने कार्य गरेको छ । पाठकहरुको वैक्तिक चेतनालाई हस्तक्षेप गर्नु प्रकाशकीय धर्म होइन । अन्तमा, उपन्यासको मुख्य विशेषता भनेको के हो भने नायकहरु सामान्य ढंगले प्रवेश गर्छन् र पाठकको हृदयमा विशेष स्थान ओगट्छन् । दैनिक जीवनको गोरेटोमा घुँडा धसेर जमिन नखोस्रिने मानिसहरुको आख्यान लेखनमा हजार चौरासीकी आमा नेपाली पाठक र लेखकका लागि विशेष खुराक हो ।

**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु**

सुनिल लामा - ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
नयाँ बानेश्वर : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर ाष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।

**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रधान सम्पादक** : कुमार शाह, **सम्पादक** : इन्द्र राउत, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं